# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ३६ पूर्णाङ्क १३४ | २०७५ फागुन २० गते सोमबार | Monday, Mar. 4, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## कृष्णदास फाउण्डेशनद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं । नेपाली कम्युनिष्ट आन्दोलनका शिखर व्यक्तित्व कृष्णदास श्रेष्ठको निधनप्रति उहाँकै नाममा बनेको कृष्णदास फाउन्डेशनले एक वक्तव्य जारी गरी श्रद्धाञ्जली व्यक्त गरेका छन् । फाउन्डेशनकी अध्यक्ष महालक्ष्मी श्रेष्ठले जारी गरेको वक्तव्यमा भनिएको छ- 'वि.स. १९८८ असोज ९ गते काठमाडौंको नरदेवीमा जन्मनु भएका कमरेड कृष्णदास श्रेष्ठको ८७ वर्षको उमेरमा निजी निवास शंखमूलमा २०७५ साल फागुन ११ गते निधन हुन पुग्यो । नेपाली कम्युनिस्ट आन्दोलनका पहिलो ...बाँकी ५ पेजमा

# मेची-महाकाली जनजागरण अभियानको संयुक्त समापन चितवनमा









काठमाडौं । देशका चारवटा सहरबाट एकसाथ उद्घाटन भई ७ फागुनबाट सञ्चालनमा रहेको मेची-महाकाली जनजागरण अभियानको संयुक्त समापन चितवनको चौबीसकोठीमा हुने भएको छ । झापाको काँकडभिट्टा, कञ्चनपुरको गड्डाचौकी, काठमाडौंको शान्तिबाटिका, कास्कीको पोखराबाट एकसाथ उद्घाटन भई सञ्चालनमा रहेको अभियानको संयुक्त समापन २१ फागुनमा चितवनमा गर्न लागिएको हो । पूर्व झापाबाट सञ्चालन गरिएको अभियान टोलीको नेतृत्व देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले गरेका छन् भने पश्चिम कञ्चनपुरबाट सञ्चालन गरिएको अभियानको नेतृत्व मोर्चाका केन्द्रीय सचिव परि थापाले गरेका छन् । कास्कीको पोखराबाट ४ नं. प्रदेशका जिल्लाहरूमा सञ्चालन गरिएको अभियानको नेतृत्व मोर्चाका सचिवालय सदस्य तथा ४ नं. प्रदेशका संयोजक केशबहादुर परियारले गरेका छन् । काठमाडौंमा उद्घाटन गरिएको अभियान टोल भने मोर्चाको विभिन्न जिल्लाको सम्मेलन सम्पन्न गर्दै अभियान समापन सभाको तयारीमा जुटेको छ ।

पछिल्लो हप्ता पूर्वको अभियान २ नं. प्रदेशका जिल्लाहरूमा कोणसभा, जनसभा, पत्रकार सम्मेलन, सीमा निरीक्षण, जनतासँगको अन्तर्क्रियालगायतका कार्यक्रम सम्पन्न गरी आइतबार ३ नं. प्रदेशको मकवानपुर प्रवेश गरेको छ भने पश्चिमको अभियान ५ नं. प्रदेशका जिल्लाहरूमा कार्यक्रम सम्पन्न गरी सोमबार विहान ४ नं. प्रदेशको नवलपुर जिल्ला प्रवेश गर्दैछ । ४ नं. प्रदेशमा सञ्चालन भइरहेको अभियान पनि भोलि विहान नवलपुरमा पश्चिमको अभियान टोलीसँग मिसिएर नवलपुरमा जनसभा गर्ने तयारीमा रहेको अभियान टोलीका नेता केशबहादुर परियारले जानकारी दिए ।

प्राप्त समाचार अनुसार १० फागुनमा ५ नं. प्रदेश प्रवेश गरेको पश्चिमको अभियान टोलीलाई बर्दियाको राधापुरमा भव्य स्वागत गरियो । सभालाई देजमोका सचिव परि थापा, क्रान्तिकारी माओवादीका पिविएम प्रेम सुवेदी, केस तथा बाँके-बर्दिया इन्चार्ज भुपेन्द्र न्यौपानेले सम्बोधन गरेका थिए । पार्टी केस हिरामणि दुःखीले सञ्चालन गरेको सभामा जिल्ला पार्टी सचिव दिलबहादुर कठायतले स्वागत गरेका थिए । त्यस लगत्तै अभियान टोलीले सीमाक्षेत्र शंकरपुरको निरीक्षण गरेको थियो । त्यसपछि भुरी गाउँमा कोणसभाको आयोजना गरियो । नेता दुःखीले सञ्चालन गरेको यहाँको कोणसभालाई नेता ...बाँकी ७ पेजमा

## 'ओली सरकार रहेसम्म जनघात र राष्ट्रघात रोकिदैन'



वीरगञ्ज । मेची-महाकाली अभियान लिएर पर्साको वीरगञ्ज पुगेका देशभक्त जनगणतान्त्रिक मार्चा, नेपालका अध्यक्ष सिपी गजुरेलले आज वीरगञ्जमा पत्रकारहरूसँग भेटघाट तथा अन्तर्क्रिया गर्दै ओली सरकार रहेसम्म मुलुकमा जनघात र राष्ट्रघात नरोकिने बताएका छन् । वीरगञ्ज स्थित नेपाल पत्रकार महासंघको सभाहलमा आयोजित पत्रकारहरूसँगको ...बाँकी ८ पेजमा

## 'ओली सरकारले भ्रष्टाचार र अपराधलाई संस्थागत गऱ्यो'




बुटवल । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य समेत रहेका देशभक्त जनगाणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव ...बाँकी ८ पेजमा

## 'जनअपेक्षा पूरा नभएसम्म क्रान्ति जारी रहन्छ'




बारा । नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल प्रतिकले जनअपेक्षा अनुसारको व्यवस्था अहिलेसम्म नआएको भन्दै क्रान्ति निरन्तर अघि बढ्ने बताएका छन् । ...बाँकी ८ पेजमा

## भारतीय हस्तक्षेपको प्रतिरोध गर्दै सीमास्तम्भमै विरोधसभा सम्पन्न






कपिलवस्तु । कपिलवस्तुको यसोधरा गापाअर्न्तगतको महलिसागर बाँध अगाडिको नेपाल-भारतको ५१ नं पिलरमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा सञ्चालित मेची-महाकाली अभियानले पत्रकार सम्मेलन, जुलस र सभा सम्पन्न गरेको छ । 'भारतीय विस्तारवाद-मुर्दवाद, सीमा अतिक्रमण बन्द गर, नेकपा (क्रान्तिकारी माओवादी)-जिन्दावाद, वीर सहिदहरू लाल सलाम' लगायत नारा जुलुससहित सिमानामा पुगेको जनमासलाई मोर्चाका सचिव परि थापाले सम्बोधन गरेका थिए ।

भारत विरुद्ध चर्का नारासहित कार्यक्रम भएको सुचना पाएपछि कार्यक्रम भइरहेको समयमा भारतीय सीमा सुरक्षा बलले कार्यक्रममाथि हस्तक्षेप गर्ने प्रयास गरेको थियो । सिमानामा किन कार्यक्रम गरेको भन्दै हतियारधारी ...बाँकी ६ पेजमा

## द्वन्द्वात्मक भौतिकवादसँग विज्ञानको सम्बन्ध

**द्वन्द्वात्मक भौतिकवाद, मार्क्सवादी, लेनिनवादी पार्टीको विश्व दृष्टिकोण वास्तवमा एउटा वैज्ञानिक विश्व दृष्टिकोण हो । मार्क्सवादी-लेनिनवादी पार्टी सर्वहारा श्रमजीवी वर्गको राजनीतिक अगुवा संस्था हो**



● हस्तबहादुर के.सी. ●

द्वन्द्वात्मक भौतिकवाद एउटा वैज्ञानिक विश्व दृष्टिकोण हो । यसको वैज्ञानिक स्वरूप कुन कुरामा अभिव्यक्त हुन्छ भने यसले सामाजवादलाई विज्ञानमा बदलिदिन्छ । र, समाज विज्ञानलाई विकसित गर्दै समस्त विज्ञानलाई मानवजातिको सेवामा कसरी विकसित गर्न सकिन्छ भन्ने कुरा बोध गराउँछ । समाजवाद तथा वैज्ञानिक साम्यवाद मानव जातिले निर्माण गर्ने उच्चतम तथा वैज्ञानिक समाज व्यवस्था हो ।

सामान्यतया द्वन्द्वात्मक भौतिकवाद यस अर्थमा एउटा वैज्ञानिक दृष्टिकोण हो । यसले कुनै त्यस्तो दर्शन प्रतिपादन गर्ने चेष्टा गर्दैन जुन विज्ञानभन्दा टाढा होस् । यसले विश्वलाई आफ्नो अवधारणाको आधार विज्ञानका विभिन्न शाखाहरूको खोजलाई बनाउँछ । विज्ञानका विभिन्न शाखाहरूको समष्टिगत प्रगति आदर्शवादविरूद्ध भौतिकवादको प्रगति नै हो । त्यसबाहेक विज्ञानले विश्व प्रगतिको मानव जातिको अवधारणा अपरिहार्य रूपमा द्वन्द्वात्मक हुनुपर्छ भन्ने सिद्ध गर्दछ । शक्तिको रूपान्तरण, जीवन वैज्ञानिक डार्विनको क्रमिक विकासको सिद्धान्त, प्राणीहरूका जीवकोषहरूको सिद्धान्त जस्ता विगतका मान जातिहरूले गरेका महान् खोज र अनुसन्धानहरूले प्रकृतिको द्वन्द्वात्मकता सिद्ध गरिदिएका छन् ।

द्वन्द्वात्मक भौतिकवाद, मार्क्सवादी, लेनिनवादी पार्टीको विश्व दृष्टिकोण वास्तवमा एउटा वैज्ञानिक विश्व दृष्टिकोण हो । मार्क्सवादी-लेनिनवादी पार्टी सर्वहारा श्रमजीवी वर्गको राजनीतिक अगुवा संस्था हो । उसको नेतृत्वदायी अंग हो । द्वन्द्वात्मक भौतिकवाद वस्तुलाई मनपरी प्रकारले पूर्व कल्पित अनुमानहरूबिना ती जुन रूपमा छन्, त्यही रूपमा बुझ्ने कुरामा आधारित हुने हुनाले यसले के कुरामा जोड दिन्छ भने वस्तुहरूका बारेमा मानिसहरूका धारणा वास्तविक जाँचबुझ र ...बाँकी ७ पेजमा

## सम्पादकीय

### जनजागरण अभियान र जनताको आकर्षण

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को संघर्षको मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको नेतृत्वमा देशभर जनजागरण अभियान चलिरहेको छ । सुरुसुरुमा यो अभियान जनतालाई क्राान्तिकारी माओवादीको परंपरागत र नियमित अभियान जस्तो लागे पनि पछिल्लो चरणमा आइपुग्दा यसको उद्देश्य फरक, नयाँ र अलि केही भिन्न रहेछ भन्ने महसुस हुन थालेको छ । दुबै अभियान टिमहरू पूर्व र पश्चिमदेखि क्रमशः मध्य नेपालको चितवनमा केन्द्रित हुँदै गर्दा अभियानको बुझाइमा जनतामा केही चासो र उत्सुकता छाएको छ । सार्वजनिक बहस र कुराकानीको विषय वस्तुका रूपमा यो अभियानले प्रवेश पाएको छ । मानिसहरूका बीचमा ओली सरकारले काम गर्न नसकेको, देश फेरि अर्कोपटक निस्काम र निष्क्रिय अवस्थामा फसेको, गतिशुन्यतातिर झर्दै गएको र गफ चुट्ने काम मात्र सरकारले गर्दै गरेको हुनाले अर्को जनआन्दोलन वा संघर्षको उठान हुनसक्ने आँकलन गर्न थालेका छन् । जनताले गरेका अपेक्षा, आशा र व्यवहारिक रूपमा भोग्नु परिरहेका दिनदैनिकका समस्याहरू केही पनि संबोधन नहुने भएपछि यही दुईतिहाईको भनिने सरकारकै पालामा आनदोलन वा संघर्षको संभावना पनि सार्वजनिक बहसको विषय हने गरेको छ । हाल देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले जारी राखिरहेको उसको अभियनलाई विकल्पको उठान भएरहेको कुराका रूपमा लिन थालेको देखिएको छ ।

जनताको अन्तरमनले अबको संघर्ष जनयुद्ध कालको जस्तो नभएर उतपीडितहरू सबै जुट्ने र जनताको विसाल सहभागितामा ठूलो परिवर्तनको महसुस हुने गरी आनदोलन उठाउनु पर्ने देखिरहेको छ । यसका केही खास कारणहरू छन् । चाहेको जस्तो जनताको पक्षमा काम गर्ने राज्य व्यवस्था आएन, कम्युनिष्ट सरकारको नाममा नक्कली कम्युनिष्टहरूको दलाल सरकार कायम भयो र विदेशीको इशारामा कामहरू हुन थाले । विदेश पलायन र वैदेशिक रोजगार वास्ताविक विकल्प नभएको महसुस हुन गयो, महंगीले आकाश छोयो र गास, बास, कपास, शिक्षा, स्वास्थ्य तथा सूचना जस्ता आधारभूत आवश्यकताहरू जनताको पहुँचभन्दा टाढा भए । विचौलियाहरूको बिगबिगी बढ्यो, कर्मचारीले जनताका काम गर्न छाडे र सरकारी नेताहरू संस्थागत कमिसन, घुस र भ्रटाचारमा निर्लिप्त भएर लागे । देशको सीमा र राष्ट्रिय स्वाभिमान मेटिदै जान थाले, माफियाहरूले सरकार सञ्चालन आफ्नो हातमा लिए र देशका प्राकृतिक स्रोतसाधनहरूको असीम दोहनमा लागे । देश कंगालीकरण हुँदै गयो । यी सबै कारणहरूले जनतामा आलोचनात्मक चेत पैदा गरेको छ । यही सोच र चेतनामा मेल खाने र समग्र देशको निकासका लागि अग्रगामी सिर्जनात्मक कार्यक्रमहरू लिएर अघि बढ्ने आशामा जनताले क्रान्तिकारी माओवादी र यसको संघर्षको मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाललाई लिन थालेका छन् ।

सबैका गतिविधिमाथि सुक्ष्म निगरानी राखिरहेका जनता अब क्रमशः आफ्नो वर्ग चिन्ने र त्यसैमा समेटिने सोच विर्माण गर्न थालेका छन् । अहिलेसम्म फिंजाइएका भ्रम र अफबाहबाट जनता धेरै प्रतिशत मुक्त भइसकेका छन् । कतिपय त जनविरोधी पार्टीहरू, तिनका क्रियाकलाप र अरु धेरै त नक्कली र ढोंगी तथा तिनका बेनकाव अनुहारहरू देखेर जनता चकित परेका छन् । यस्तो अवस्थामा जनताको आफ्नो पक्षधर शक्ति, विचार, पार्टी र कार्यक्रमहरू छुट्टिन थालेका छन् । जनताले यसको भेद पहिचान गर्न थालेका छन् । र, यी कार्यक्रमहरूलाई क्रमशः पछ्याउन पनि थालेका छन् । जनताको यो मनोभाव र क्रमशः अंकुराउँदै गरेको आशा र चेतनाको दियोमा सिर्जनात्मक तर आमूल परिर्वनकारी नीति तथा कार्यक्रमहरूको थप विकास र प्रयोग जरुरी छ ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौँ ।
www.moolbato.com

# नेपाली क्रान्तिकारी युद्धको राष्ट्रिय अभिभारा सम्बन्धमा



पुष्प गोपाल श्रेष्ठ

**राष्ट्रिय पुँजीपति वर्ग दोहोरो चरित्र भएको वर्ग हो भन्नुको मतलव, एकातिर यो साम्राज्यवादबाट उत्पीडन र सामन्तवादी माखेसाङलोमा जकडिएको हुनाले यी दुबैसँग यसको अन्तरविरोध छ । यस अर्थमा यो क्रान्तिकारी शक्तिहरूमध्येकै एक हो । नेपाली क्रान्तिको इतिहासमा साम्राज्यवाद र दलाल नोकरशाही पुँजीपति वर्ग तथा अर्ध-सामन्ति वर्ग युद्ध सरदारहरूको सरकारविरूद्ध लड्नमा यसले उत्साह देखाएको छ**

नयाँ नेपाल निर्माणार्थ नयाँ जनवादी क्रान्ति उत्थान गर्नु जरुरी छ । त्यसको निम्ति सर्वहारा वर्गीय नेता माओत्से तुङ्गले भन्नु भएजस्तो तिन जादुगरी हतियार- क्रान्तिकारी कम्युनिष्ट पार्टी, संयुक्त मोर्चा र जनसेना- निर्माण गर्नुका साथसाथै क्रान्तिकारी कार्यदिशा र जनाधार पनि निर्माण गर्नु आवश्यक छ । जनाधारबिना क्रान्ति गर्नु र हुनु असम्भव छ । क्रान्तिको मूल आधारमध्ये एक जनाधार हो र जनाधार निर्माण गर्न नेपाली सामाजिक विभेद अर्थात् वर्गीय समाजको विभिन्न वर्गीय चरित्र स्पष्ट र स्वतन्त्र रूपले बुझ्नु बुझाउनु जरुरी छ । जरुरी छ नेपालको राजनीति, आर्थिक, सामाजिक, धार्मिक एवम् नेपालमा विद्यमान अन्य सम्पूर्ण वस्तुस्थितिबाट प्रष्ट हुनु ।

तत्कालिन नेपालका सामन्तवादी सत्तासिनहरूले आफ्नो वर्गीय स्वार्थसामु राष्ट्रिय स्वाधीनतालाई तुच्छ मानी, आक्रमणकारी ती बृटिश साम्राज्यादीसामु नतमस्तक भई गरेको १८१६ को सुगौली-सन्धिले खुम्च्याएको, हाम्रो नेपाल सानो भएर पनि विसाल छ । हाम्रो यस विसाल देशमा विस्तृत उब्जाउ भूमि छ, जसले हामीलाई खाने कुरा र लुगाफाटा प्रदान गर्छ । देशको लम्बाइचौडाइमा एक छेउदेखि अर्को छेउसम्म विस्तृत बन जङ्गल र समृद्ध खनिज भण्डार भएको हिमाल र पर्वत श्रृङ्खलाहरू छन् । सिंचाइको लागि उपयोगी हुने थुप्रै खोला, नदी र तालहरू छन् । प्राचिनकालदेखि हाम्रा पूर्खाहरू यसै भूमिमा रगत पसिना बगाउँदै जीवनयापन र सन्तान बृद्धि गर्दै आएका छन् ।

नेपाल राष्ट्र आफ्नो परिश्रमशीलता र कष्ट सहिष्णुताको निम्ति मात्र होइन, तर आफ्नो उत्कृत स्वतन्त्रता प्रेम र समृद्ध क्रान्तिकारी परम्पराको निम्ति पनि विश्व प्रशिद्ध छ । उदाहरणको निम्ति नेपालीहरूले अत्याचारी शासनको अगाडि कहिल्यै घुँडा टेक्दैनन् तर, त्यसलाई पल्टाइदिन वा फेर्नको निम्ति सधैँ नै क्रान्तिकारी उपायहरू प्रयोग गर्छन् भन्ने कुरा यहाँका आदिवासी जनजातिहरूको इतिहासले प्रमाणित गर्छ । आदिवासी जनजातिको हजारौं वर्षको इतिहासमा दास मालिक, जमिन्दार र उच्च खानदानीहरूको कालो शासनविरुद्ध सधैँ साना-ठूला जन-आन्दोलन, सशस्त्र विद्रोह र किसान बिद्रोहहरू भएका छन् । अनि यस्तै विद्रोहहरूको परिणामस्वरूप नै राजवंशहरू र शासकहरू फेरिंदै आएका छन् । नेपालका आदिवासी जनजातिहरू विदेशी उत्पीडनको प्रतिरोध गर्दै र त्यसलाई पल्टाइदिनका निम्ति सधैँ नै विद्रोहको सहारा लिंदै आएका छन् । उनीहरू समान्ताको आधारमा हुने एकताको पक्षमा र एक जनजातिमाथि अर्को जनजातिले गर्ने उत्पीडनको विरोधमा छन् । हजारौं वर्षको लिखित इतिहास कालमा नेपाल राष्ट्रले अनेकौं राष्ट्रिय वीरहरू र क्रान्तिकारी नेताहरू जन्माएको छ । यस प्रकार नेपाल राष्ट्र गौरवशाली क्रान्तिकारी परम्परा र वीरतापूर्ण क्रान्तिकारी संस्कारको धनी छ ।

नेपालका नेपालीहरूमा यी सब गुणहरू हुँदाहुँदै पनि आजसम्म देश र जनताले मुक्ति र स्वतन्त्रता प्राप्त गर्नुको नाउँमा उही खुँखार राजवंशहरू र शासकहरू अर्थात् शासनसत्तामा रामको ठाउँमा श्यामलाई मात्र प्रतिस्थापन गर्ने र हुँदै आइरहेका छन् । यस्तो स्थिति आजसम्म किन कायम भएर आइरहेका छन् ? किनभने नेपाली समाजमा युगौंदेखि दास मालिक, सामन्ति र दलाल पुँजीवादी शासकवर्गले जनमानसमा छरिएको कुप्रभाव अर्थात दास प्रवृत्ति, आफू भलो त जगत भलो र जीविकावाद जस्तो कुप्रभाव प्राय सबैमा आन्तरिक रूपले जकडिएर रहेका छन् । त्यसबाट पूर्णरूपले मुक्त हुन सकेका छैनन् । यस्ता कुप्रभावबाट मुक्त हुन र गर्न वर्गीय चेतना जगाउनु अत्यावश्यक छ । किनकि नेपालमा अहिलेसम्म कायम रहिआएको वर्तमान राज्यसत्ता दलाल नोकरशाही पुँजीपति र अधसामन्ती तथा अर्धऔपनिवेशिक हुन र यसको मूल जड भनेको विदेशी साम्राज्यवाद विस्तारवाद र दलाल नोकरशाही पूँजीपति र सामन्तीहरू बीचको साँठगाँठ नै हो ।

निस्सन्देह, यी दुई शत्रुहरूमाथि प्रहार गर्नु साम्राज्यवादी विस्तारवादी उत्पीडनको तख्ता पल्टाउन राष्ट्रिय क्रान्ति गर्नु र दलाल नोकरशाही पुँजीपति र सामन्ती उत्पीडनको तख्ता पल्टाउन जनवादी क्रान्ति गर्नु क्रान्तिका मुख्य अभिभारा हुन् । यीमध्ये मुख्य र पहिलो अभिभारा चाहिँ साम्राज्यवाद विस्तारवादको तख्ता नपल्टाउन्जेलसम्म दलाल नोकरशाही पुँजीपति र अर्धसामन्ति वर्गको शासनलाई पनि ढाल्न सकिन्न, किनभने यसको आड भन्नु नै साम्राज्यवाद विस्तारवाद हो ।

यी दुई महान् अभिभाराहरू पूरा गर्न वर्गीय चेतनाको अभावमा असम्भव छ । त्यसो त नेपालमा जमिन्दारी प्रथा उन्मूलन गरिसकेको र भइसकेको छ भन्ने गरेता पनि पूँजीवादी व्यवस्था भइनसकेको अर्ध सामन्ति (अर्धजमिन्दारी) प्रथा कायम रहि आएको छ । दलाल पूँजीवादी अर्ध-सामन्ति प्रथा नेपालमा साम्राज्यवादी विस्तारवादीहरूको मुख्य सामाजिक आधार हो । यिनीहरू त्यस्ता वर्ग हुन् जस्ले राष्ट्रिय पुँजीपति, किसान समूह र निम्न पुँजीपमिाथि शोषण, दमन र उत्पीडन गर्न अर्धसामन्ती अर्धऔपनिवेशिक व्यवस्थालाई प्रयोग गर्छ, नेपालको राजनैतिक, आर्थिक र सांस्कुतिक उथानमा बाधा अर्चन पैदा गर्छ र कुनै किसिमको प्रगतिशील भूमिका खेल्दैन । त्यसकारण वर्गका रूपमा यिनीहरू क्रान्तिको प्रहारको निशाना हुन, प्रेरक शक्ति होइनन् ।

दलाल पूँजीपति वर्ग र राष्ट्रिय पूँजीपति वर्गबीचमा भिन्नता छ । दलाल पुँजीपति वर्ग एउटा त्यस्तो वर्ग हो जसले साम्राज्यवादी र विस्तारवादी देशहरूका पुँजीपतिको प्रत्यक्ष रूपले तहल सेवा गर्छ र तिनैबाट यसको पालन पोषन हुन्छ । असंख्य शत्रुहरूले गाउँले सामन्ती शक्तिहरूसँग यसको नाता गाँसेका छन् । त्यसकारण यो नेपाली क्रान्तिको प्रहारको निशाना हो र क्रान्तिको इतिहासमा यो वर्ग कहिल्यै पनि प्रेरक शक्ति भइआएको छैन । बरु यसको उल्टो राष्ट्रघाती काममा सधैँ अग्रसर भइआएको देखिन्छ ।

राष्ट्रिय पुँजीपति वर्ग दोहोरो चरित्र भएको वर्ग हो भन्नुको मतलव, एकातिर यो साम्राज्यवादबाट उत्पीडन र सामन्तवादी माखेसाङलोमा जकडिएको हुनाले यी दुबैसँग यसको अन्तरविरोध छ । यस अर्थमा यो क्रान्तिकारी शक्तिहरूमध्येकै एक हो । नेपाली क्रान्तिको इतिहासमा साम्राज्यवाद र दलाल नोकरशाही पुँजीपति वर्ग तथा अर्ध-सामन्ति वर्ग युद्ध सरदारहरूको सरकारविरुद्ध लड्नमा यसले उत्साह देखाएको छ ।

तर अर्कोतिर, यो आर्थिक र राजनैतिक दृष्टिले कमजोर हुनाले र साम्राज्यवाद तथा सामन्तवादसँग यसका आर्थिक सम्बन्ध रहेको हुनाले यससँग साम्राज्यवाद र सामन्तवादको पूर्णरूपले विरोध गर्ने साहसको अभाव छ । जनताका क्रान्तिकारी शक्ति अर्थात् दश वर्षिय महान् जनयुद्ध क्रान्तिकारी छलाङ्ग मार्दै अगाडि बढ्दै गर्दा यो कुरा अरु प्रस्ट देखियो ।

राष्ट्रिय पुँजीपति वर्गको यो दोहोरो चरित्रको परिणाम खास-खास अवसर र खासखास हदसम्म यसले साम्राज्यवाद, विस्तारवाद, दलाल नोकरशाही पूँजीवाद तथा अर्ध-सामन्तवादी युद्ध सरदारविरुद्ध क्रान्तिमा भागलिन सक्छ र यो एउटा क्रान्तिकारी शक्ति बन्न सक्छ । तर, अन्य परिस्थितिमा भने दलाल नोकरशाही पूँजीपति वर्गको अनुयायी बनेर यसले प्रतिक्रान्तिमा उसको सहयोगीको रूपमा काम गर्ने खतरा पनि रहन्छ भन्ने कुरो, वर्गीय तथा राष्ट्रिय आत्मासमर्पनवादी प्रचण्डले नेतृत्व गरेको प्रतिक्रान्तिमा यो कुरो प्रष्ट हुनेगरी देखियो ।

निम्नपुँजीपति वर्गमा किसान समुदाय बाहेक बुद्धिजीवी, साना व्यापारी, दस्तकार र पेशेवर मानिसको व्यापक संख्या पर्दछ । उनीहरूको स्थिति मध्यम किसानको स्थितिसँग केही मिल्दोजुल्दो छ । उनीहरू सबै नै साम्राज्यवाद, विस्तारवाद, अर्धसामन्तवाद र दलाल पुँजीपति वर्गको उत्पीडनको शिकार भएका छन् र उनीहरू झनझन् टाट् पल्टाइ वा हरिकङ्गालको स्थितितिर धकेलिंदै छ । त्यसैले निम्न पूँजीपति वर्गका यी भागहरू क्रान्तिको प्रेरक शक्तिमध्येको एक र सर्वहारा वर्गका भरपर्दो सहयोगी हुन् । सर्वहारा वर्गको नेतृत्वमा मात्र तिनले आफ्नो मुक्ति हासिल गर्न सक्छ ।

बुद्धिजीवी र विद्यार्थी युवाहरू । यी मानिसहरूको छुट्टै वर्ग वा तप्का हुँदैन, तर तिनको पनरिवारिक श्रोत, रहन् सहन्को स्थिति र राजनैतिक दृष्टिकोणको आधारमा हेर्दा तिनलाई निम्पुँजीपतिपति वर्गकै काँटमा राख्न सकिन्छ । बितेको केही वर्षमा तिनको संख्या औधी बढेको छ । साम्राज्यवाद, विस्तारवाद, दलाल पुँजीपति वर्ग अर्धसामन्ती वर्गसँग मिलेर तिनको निम्ति जनविरोधी काम गर्ने बुद्धिजीवीको डफ्फा बाहेक अधिकांश बुद्धिजीवी विद्यार्थीहरू साम्राज्यवाद, विस्तारवाद, दलाल पुँजीपति वर्ग र अर्धसामन्तवादी वर्गबाट उत्पीडित छन् । त्यसकारण उनीहरूमा क्रान्तिप्रति तिब्र झुकाव हुन्छ । उनीहरूले क्रान्तिको चरणमा अक्सर गरेर अगुवाको भूमिका खेल्दछन् अथवा जन-समूहसँग गाँसिने सेतुको काम गर्छन् । क्रान्तिकारी बुद्धिजीवीहरूले आफूभित्र आफैले चाल नपाउने गरी सामन्ती संस्कारबाट प्रभावित भई पनपनाइरहेको मनोगतवादी, व्यक्तिवादी प्रवृत्ति र अव्यावहारिक सोचाइबाट माथि उठी, जनसमूहका स्वार्थहरूको सेवा गर्ने र उनीहरूसँग एकाकार हुने अठोटका साथ तनमनले जनसंघर्षहरूमा समर्पित भई आइरहेको स्थितिमा केही संकटको घडीहरू आइपर्दा, उनीहरूमध्ये केही क्रान्तिकारी पद्धतिबाट अलग्गिएर निस्क्रिय बन्न सक्छ र केहि चाहिं पूरै क्रान्तिविरुद्ध लाग्न पनि सक्छ । तर, लामो समयको जनसंघर्षबाट बुद्धिजीवीहरूले आफूमा रहेको यस्ता कमिकमजोरी हटाउन सक्छन् ।

साना व्यापरीहरू साधारणतया साना व्यापारीहरूले ससाना पसलहरू राख्ने गर्छन् । यिनीहरू साम्राज्यवाद, विस्तारवाद, ठुला व्यापारीहरू र व्याजखोरको शोषणको परिणाम स्वरूप उनीहरू टाट् पल्टिने डरले औधि-काबु भइरहन्छ ।

दस्तकारहरू, यिनीहरूको संख्या पनि कम छैन । उनीहरूसँग आफ्नै उत्पादनका साधन हुन्छन् । उनीहरुले प्रायजसो खेताला राख्दैनन्, कसै कसैले राखिहाले पनि एकाध सिकारु वा सहायक राख्छन् । उनीहरूको स्थिति खासमा मध्यम किसानको जस्तै हुन्छ ।

निम्न पुँजीपति वर्गको यस भागबाट विशाल जन-समुदाय बन्दछ । साधारणतया यी मानिसहरूले क्रान्तिको समर्थन गर्न वा क्रान्तिमा भागलिन सक्ने हुनाले यिनीहरू हाम्रा असल सहयोगी हुन् र यिनीलाई हामीले आफूतिर तान्नै पर्छ र यिनका स्वार्थको रक्षा गर्नै पर्छ । यिनीहरूमा कमजोरी के छ भने कोही कोही पुँजीपति वर्गबाट सजिलै प्रभावित हुन्छन् । त्यसैले तिनको माझमा क्रान्तिकारी प्रचार तथा संगठनात्मक कार्य गर्नु जरुरी छ ।

कृषि प्रधान देश नेपालको कूल जनसंख्यामा किसान समूदाय झन्दै ८०, ९० प्रतिशत छ र यो नेपालको अर्थ व्यवस्थाको मूल स्तम्भ (मुख्य शक्ति) हो । यिनीहरू सामान्यतया तीन तहमा बाँडिएका छन्, धनी किसान, मध्यम किसान, गरीब किसान ।

धनी किसानः धनी किसानहरू तराइ र ग्रामिण जनसंख्याको ५ प्रतिशत जति छ, यिनीहरू सित जमिन्दारहरू समेत मिलाएर भन्ने हो भने लगभग त्यस्तै ७, ८ प्रतिशत पुग्छ होला । ग्रामिन बुर्जुवा बर्ग यिनीहरू बाटै बनेका छन् । उनीहरूसँग भएको आफ्नो जमिनको केही भाग कुतमा लगाउने गर्छ । अनि ब्याजखोरको कारोबार गर्नुको सँगै खेत मजुदुरहरूको निर्मम शोषन गर्ने गर्छन् । यसो हुँदाहुँदै पनि साधारणतया उनीहरू पनि श्रम गर्छन र यस अर्थमा उनीहरू किसान समूदायकै एक अङ्ग हुन् । उनीहरूले सामान्यतया किसान समूदायको साम्राज्यवाद विरोधी संघर्षमा केहि योगदान दिन सक्छ तर जमिन्दार विरोधी कृषि क्रान्तिकारी संघर्षमा भने योगदान होइन, तटस्थसम्म रहन सक्छ । त्यसकारण हामीले धनि किसानलाई जमिन्दार वर्गकै अङ्ग ठान्नु र बेला नहुँदै धनी किसान समुदायलाई नष्ट गर्ने नीति अपनाउनु हुँदैन ।

मध्यम किसान तराई र ग्रामीण जनसंख्याको पुगनपुग २५ प्रतिशत जति छ । उनीहरू आर्थिक दृष्टिकोणले आत्मनिर्भर छन् । उनीहरूमध्ये केहीसँग पुग्दो मात्राको जमिन छैन । बालिनाली राम्रो भएको बेला यसो केही बचाउन सक्छन् र यसैबाट केही रकम ब्याजमा लगाउन सक्छन् । तर यसो भनेर फेरि सामनीत र ठूला पुँजीपतिहरूले जस्तो निर्मम शोषण गर्दैनन् । तर उनीहरू आफै साम्राज्यवाद, विस्तारवाद, जिमिन्दार वर्ग र पुँजीपति वर्गबाट शोषित छन् । तीमध्ये केही सम्पन्न मध्यम किसानसँग मात्र के केही बचत जमिन छ । मध्यम किसानहरू साम्राज्यवाद विरोधी क्रान्ति र कृषि क्रान्तिमा मात्र सामेल नभइ तिनले समाजवादलाई पनि स्वीकार्न सक्छन् । यसकारण सिङ्गो मध्यम किसान समुदाय सर्वहारा वर्गको भरपर्दो सहयोगी र क्रान्तिको एक महत्वपूर्ण प्रेरक शक्ति हुनसक्छ ।

गरीब किसानहरू, नेपालमा खेत मजदूरहरू समेत गरेर गरीब किसानको संख्या तराई र ग्रामीण जनसंख्याको ७० प्रतिशत जति छ तिनीहरू जमिन नभएका वा ज्यादै बम भएका ...बाँकी ७ पेजमा

# कमरेड कृष्णदास श्रेष्ठसँग एक दशकको भलाकुसारी



इन्द्र राउत

कमरेड कृष्णदास श्रेष्ठ नेपालमा मार्क्सवादको कखरा जान्ने सबैबीच परिचित हुनुहुन्छ । मार्क्सवादको कखरा जान्न उहाँका कृतिहरू अध्ययन गर्नैपर्ने स्थिति अहिले पनि विद्यमान छ । वर्तमानमा त्यसको आवश्यकता अझ बढेर गएको छ । मार्क्सवादी सिद्धान्तको ज्ञानको अभावकै कारण नेपालको कम्युनिष्ट आन्दोलनमा ठूल्ठूला विचलनहरू पैदा हुन पुगेका छन् र कम्युनिस्ट आन्दोलन विभाजित र विघटित अवस्थाबाट गुज्रदो छ । अन्तर्राष्ट्रिय र नेपालमा पनि कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा धकेलिनुको कारण मुख्यतः कम्युनिस्ट आन्दोलनभित्रकै कमजारी हो, त्यसमा पनि वैचारिक तथा सैद्धान्तिक अध्ययन, चिन्तन, मनन र मन्थनको अभाव नै हो ।

मार्क्सवाद-लेनिनवाद-माओवाद नै आजको मार्क्सवाद हो । वर्गसंघर्ष, उत्पादनका लागि संघर्ष र वैज्ञानिक प्रयोगबाट नै सही ज्ञानको प्राप्त हुन सक्छ भन्ने माओको भनाइ र किताबी दर्शन र जीवन दर्शनको द्वन्द्वात्मक सम्बन्धलाई ठीक ढंगले बुझ्न र प्रयोग गर्न नसक्दा आजको कम्युनिस्ट आन्दोलनले आफ्नो अगाडि खडा भएका चुनौतीहरूको सामना गरेर अगाडि बढ्न सकिरहेको छैन । र, घुमिफिरी रुम्झाटार भनेजस्तै हुन पुगेको छ । यसको गहिरो अध्ययन, अनुसन्धान, विचार विमर्श र निर्मम समीक्षाको खाँचो निकै बढेर गएको छ । त्यसका लागि कमरेड कृष्णदास श्रेष्ठका कृतिहरूले सन्दर्भ सामग्रीका रूपमा निकै ठूलो भूमिका खेल्न सक्दछन् ।

कृष्णदास श्रेष्ठ नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक नेता पुष्पलाल श्रेष्ठको समकालीन हुनुहुन्छ । उहाँसँग कमरेड पुष्पलालदेखि पुष्पकमल हुँदै कमरेड किरणसम्म संगत गरेका अनगिन्ती शिक्षाप्रद अनुभवहरू थिए । नेपाली कम्युनिष्ट आन्दोलनको पछिल्लो पुस्तासँग गरिएका संगतका पनि उहाँसँग जीवन्त अनुभवहरू पनि थिए । उहाँका ती अनुभवहरूलाई पनि लिपिबद्ध गर्न सकेको भए, त्यसले पनि कम्युनिष्ट आन्दोलन, नेतृत्व र प्रवृत्ति बुझ्नलाई ठूलो सहयोग पुऱ्याउँथ्यो । त्यतातर्फ स्वयम् क.श्रेष्ठले प्रयत्न गरिरहनु भएको थियो । तर ११ फागुन २०७५ मा भएको उहाँको देहान्तसँगै उहाँको प्रयत्न अधुरै रह्यो । जीवनको उत्तरार्द्धमा उहाँले आफ्ना कैयौं मौलिक तथा अनुदित पाण्डुलिपीलाई पुस्तकको रूपमा प्रकाशित गर्ने इच्छा र तत्परता देखाउनु भएको थियो । तर गर्दा गर्दै र भन्दा भन्दै पनि त्यो काम पुरा गर्न भ्याउनुभएन । अब यो कार्यभार उहाँको नाममा बनेको फाउण्डेशन र सम्बद्ध पार्टीले पुरा गर्नुपर्ने भएको छ ।

यहाँ उहाँसँग करिब एक दशकसम्म नजिक रहेर गरिएका भलाकुसारी तथा त्यस क्रममा व्यक्त उहाँका विचारहरूलाई लिपीबद्ध गर्ने प्रयत्न गरिएको छ ।

**कमरेड कृष्णदास श्रेष्ठले पारेको छाप**

स्कूल पढ्दासम्म मार्क्सवादी किताबहरू खासै पढ्न पाइएन । त्यसो त हाम्रो घर र गाउँ म सानै छँदादेखि नै कम्युनिष्ट आन्दोलनको प्रभावमा थियो । त्यता जाँदा कमरेड ऋषि देवकोटा'आजाद'को सेल्टर नै हाम्रो घरमा हुने गर्दथ्यो । कमरेड आजादकै प्रभावका कारण हाम्रो घर परिवार कम्युनिष्ट राजनीतिको प्रभावमा रह्यो । पञ्चायती व्यवस्थाका विरुद्ध आन्दोलन गर्दा मेरा बुवा (रुद्रबहादुर राउत) लगायत गाउँलेहरूलाई पक्रन प्रहरी घरमा पुगेको थियो । राइफल बोकेका करिब ७ जना पुलिसहरूले चकलेट दिएर बुवा कहाँ जानुभएको छ भनेर सोधेको घटनाले मलाई लामो समयसम्म छाप पारिरह्यो । मैले त्यसैबेला सुनेको थिएँ- 'कम्युनिष्ट', 'क्रान्तिकारी' र 'भूमिगत' भन्ने शब्द । जतिबेला म ७ वर्षको थिएँ ।

म कक्षा ८ मा पढ्दै गर्दा जनयुद्ध सुरु भयो । ०५३ मा म जनयुद्ध सुरु गरेको पार्टी तत्कालीन नेकपा (माओवादी)को विध्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी)को स्कूल इकाईमा आबद्ध बनैं । ०५३ मै भएको संगठनको जिल्ला सम्मेलनमा प्रतिनिधिको रूपमा सहभागी भइयो । ०५४ मा एसएलसी दिएलगत्तै जनयुद्धमाथि राज्यको त्यस क्षेत्रमा दमन सुरु भयो । स्थानीय प्रशासनले वारेन्ट जारी गरेपछि त्यसबेलादेखि भूमिगत राजनीति सुरु गरियो । त्यसपछि बल्ल मार्क्सवादी किताब तथा साहित्यहरूको अध्ययन गर्न थालियो । त्यसबेला बजारमा भेटिने र साथीहरूबाट पाइने किताबहरूको भीडमा कमरेड कृष्णदास श्रेष्ठद्वारा रचित तथा अनुदित कृतिहरू नै अधिकांश हुन्थे । तिनै किताबहरू पढेर मार्क्सवादी दर्शन, राजनीति अर्थशास्त्र र वैज्ञानिक समाजवादसम्बन्धी ज्ञान प्रायः नेता कार्यकर्ताहरूले लिने गर्दथे । युद्धको समयमा अधिकांश कार्यकर्ताहरूको अध्ययन व्यवस्थित हुन सकेन र हुन सक्ने बातावरण पनि हुँदैनथ्यो । तथापि किताब, कपि, रेडियो नबोक्ने नेता कार्यकर्ताहरू विरलै पाइन्थे । त्यसबेला अध्ययनप्रतिको रुचि, तत्परता र आवश्यकताबोध भने निकै नै थियो । चाहेर पनि त्यसबेला पर्याप्त मात्रामा मार्क्सवादी किताबहरू नपाइने, जसोतसो जम्मा पारेका किताबहरू पनि सेल्टर गरेर राखेको ठाउँमा सेना पुलिसले कब्जा गरेर लगिदिने, जलाएर नष्ट गरिदिने र पार्टीको योजना लगायतका कारण पनि गहिरो अध्ययन सम्भव भएन, थिएन । निकै दुःख गरेर जम्मा गरिएका तीन बाकस किताब तत्कालीन राज्यप्रशासनले कब्जा गरेर जलाउँदा निकै पीडा भएको थियो मलाई त्यसबेला । यस्तै समस्याका कारण जनयुद्धको कालखण्डमा अधिकांश कार्यकर्ताका लागि नेता र कमाण्डरको भाषण, प्रशिक्षण नै मार्क्सवादी ज्ञानको विकल्प बन्न पुग्यो ।

नेपाली भाषामा लेखिएका मार्क्सवादी पुस्तकहरू निकै कम मात्रामा पाइन्थे बजारमा । उपलब्ध पुस्तकहरू मध्ये कमरेड कृष्णदास श्रेष्ठद्वारा लिखित तथा अनुदित पुस्तकहरूलाई नै आधिकारिक मानिन्थ्यो र अधिकांश नेताहरूले कमरेड श्रेष्ठकै किताब अध्ययन गर्न सुझाब दिने गर्दथे । त्यसबेला कमरेड कृष्णदास श्रेष्ठका 'कार्लमार्क्स : व्यक्तित्व र कृतित्व', अतिरिक्त मूल्यको सिद्धान्त, लेनिन कस्ता थिए ?, …….. लगायतका पुस्तकहरूको अध्ययनले उहाँप्रति ममा अमिट छाप परेको थियो । उहाँको खोज अनुसन्धानमूलक र सरसपूर्ण लेखाइबाट म प्रभावित थिएँ । र, उहाँसँग भौतिक भेटको तीव्र भोक जागेको थियो ।


**भेटघाट, कुराकानी र अनुभूतिमा कृष्णदास श्रेष्ठ**

कमरेड कृष्णदास श्रेष्ठसँगको पहिलो भेटमा नै धेरै पहिलेदेखिको चिनजान भएजस्तै विभिन्न विषयमा आत्मियतापूर्ण कुराकानी भए । सरल जीवन शैली र उच्च विचार तथा चिन्तनको धनी क.कृष्णदासलाई नेपाली कम्युनिष्ट आन्दोलनको अथक साधक र अनुकरणीय व्यक्तित्वको अमूल्य निधि पाएँ । हाम्रो भेट कतिपय सन्दर्भमा किताबी दर्शन र जीवन दर्शनबीचको भेटजस्तो पनि बन्यो । जनयुद्धमा होमिएको हाम्रो जीवनका सबै पाटा पक्षको बारेमा उहाँ निकै उत्सुकतापूर्वक सोधीखोजी गर्नुहुन्थ्यो । भेटघाट र भलाकुसारी बाक्लिदै जाँदा सम्बन्ध प्रगाढ र सुमधुर बन्दै गयो । र, उहाँबाट विचार र सिद्धान्तका मात्र होइन, धेरै व्यवहारिक कुराहरू सिक्ने अवसर प्रदान भएको थियो ।

१– उहाँले प्रत्येक भेटमा आफ्नो जीवनको अनुभव सुनाउँदै भन्नुहुन्थ्यो- "मान्छेको सबैभन्दा ठूलो सफलता भनेको 'आफूले आफैलाई चिन्न सक्नु' हुने रहेछ । म लेख्न सक्छु भन्ने पहिचान गर्न नसकेको भए लेखक तथा अनुवादकको रूपमा नेपाली कम्युनिष्ट आन्दोलनलाई वैचारिक तथा सैद्धान्तिक क्षेत्रमा मैले यो योगदान गर्न सक्ने थिइनँ ।" हरेक मानिसभित्र एउटा अद्भूत क्षमता हुन्छ, त्यसको पहिचान गरेर त्यही क्षेत्रमा निरन्तर लाग्ने हो भने मानिस आफू अब्बल मात्र हुँदैन, उसले पार्टी, क्रान्ति, देश र जनताको लागि ठूलो योगदान पनि पुऱ्याउन सक्छ । त्यसैले उहाँ पार्टी नेतृत्वलाई सुझाव दिनुहुन्छ- नेता कार्यकर्ताहरूको क्षमता र रुचिको पहिचान गरेर कार्यविभाजन गर्नुपर्छ । पार्टीमा 'राइट पर्सन टु राइट प्लेस' नअपनाउँदा अपेक्षित परिणाम आउँदैन र नेता कार्यकर्ताहरूको क्षमताको विकास पनि हुँदैन ।

कमरेड कृष्णदास श्रेष्ठले पटक पटक भन्नुभयो, "०३५/०३६ सालतिर नै आफूमा मास लिडर बन्नेभन्दा पनि राम्रो लेखक बन्ने क्षमता अन्तर्निहित रहेछ भन्ने बोध भएपछि म अध्ययन, लेखन र अनुवाद कर्ममा निरन्तर साधना गरिरहेँ ।" उहाँ कम्युनिष्ट आन्दोलनमा लागेका सबै नेता कार्यकर्तालाई आफ्नो क्षमताको पहिचान गरेर अगाडि बढ्न सुझाव सल्लाह दिनुहुन्छ ।

२– मानिसको सफलता, व्यक्तित्व निर्माण तथा योगदानमा एक्लो व्यक्तिको मात्र हात हुँदैन । त्यसमा प्रत्यक्ष परोक्ष रूपमा धेरैको हात हुन्छ । खास गरेर घर



परिवार त्यसमा पनि पुरुषका लागि महिलाको र महिलाको लागि पुरुषको हात महत्वपूर्ण रहेको हुन्छ । कमरेड कृष्णदास श्रेष्ठ लेखक, चिन्तक तथा अनुवादकको रूपमा आफ्नो व्यक्तित्व निर्माणमा आफ्नी जीवनसंगिनी महालक्ष्मी श्रेष्ठको निकै महत्वपूर्ण हात रहेको सगर्व बताउनु हुन्छ ।

नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक नेता क.पुष्पलाल श्रेष्ठको पहलमा कमरेड कृष्णदास श्रेष्ठको विवाह समाजसेवी पृष्ठभूमि भएको परिवारकी छोरी महालक्ष्मी श्रेष्ठसँग भयो । क. कृष्णदासको परिवारको आर्थिक दुरावस्थालाई देखेर छोरीले दुःख पाउने भई भनेर सासुआमाले घर नै छोरीको नाममा पास गरिदिएपछि कृष्णदास श्रेष्ठले ०३५ सालदेखि घर परिवार, छोराछोरी कसैलाई हेरविचार गर्नु परेन, गर्नु भएन । घर परिवारको सारा व्यवस्थापकीय काम महालक्ष्मी श्रेष्ठले गरेर क. श्रेष्ठलाई अध्ययन, लेखन र अनुवाद कर्ममा साधना गर्ने महत्वपूर्ण समय उपलब्ध गराउनु भयो । यहाँसम्म कि क.कृष्णदास श्रेष्ठले अहिलेसम्म आफैले खाने सामानदेखि लगाउने कपडासम्म केही नकिनेको अनुभव सुनाउनु हुन्छ । कमरेड कृष्णदास श्रेष्ठको यस्तो जीवनशैली बन्यो कि उहाँ घण्टौं होइन महिनौ दिनसम्म पनि एउटै कोठामा बसेर अध्ययन लेखन गर्न सक्नुहुन्थ्यो, त्यसका लागि उहाँलाई नयाँ नयाँ किताब भए पुग्थ्यो । 'कि खाट छ कि मान्छे छ' भनेर यही जीवनशैलीका कारण जीवन संगिनीले भन्ने गरेको उहाँ कुराकानी हुँदा सुनाउनु हुन्थ्यो । कुनै पनि क्षेत्रमा सफलताका लागि त्याग, तपस्या र व्यवस्थापनको सन्तुलन मिल्न जरुरी हुन्छ ।

३– कमरेड कृष्णदास श्रेष्ठ जोड दिएर भन्नुहुन्छ- 'कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताहरूमा आलोचनात्मक चेतको विकास गर्नुपर्छ, हुनुपर्छ । त्यसका लागि नेता कार्यकर्ताहरू आर्थिक रूपले पार्टी निर्भर होइन, आत्मनिर्भर हुन सक्नुपर्छ ।' आर्थिक रूपले पार्टी निर्भर नेता कार्यकर्ताहरू नेतृत्वका कमीकमजोरीप्रति आलोचक बन्न नसक्ने र कमीकमजोरीप्रति आलोचक बन्न नसक्दा पार्टीमा विभिन्न खाले खराबी पैदा हुने र नेतृत्वले पनि आफ्नो रंग बदल्दै जाने समस्या उत्पन्न हुने आफ्ना अनुभवसिद्ध विचारहरू भेटमा राख्नुहुन्छ । आर्थिक रूपले पार्टी निर्भरता, पदीय भोकका कारण नेतृत्वको चाकडी, चाप्लुसी गर्ने र नेतृत्वको झुठो प्रशंसाले गर्दा कम्युनिष्ट आन्दोलनमा विभिन्न खाले खराबीहरू उत्पन्न भएको उहाँको ठहर छ । एउटा सच्चा कम्युनिष्ट क्रान्तिकारी पार्टी निर्माण गर्न विचार, सिद्धान्तले लैस आलोचनात्मक चेत भएका नेता कार्यकर्ताहरूको विशाल पंक्ति निर्माण गर्न जरुरी छ ।

कमरेड कृष्णदास पार्टीलाई पनि आर्थिक रूपले आत्मनिर्भर बनाउन सके मात्र स्वतन्त्र हैसियतमा काम गर्न सक्ने स्थिति रहने विचार राख्नुहुन्छ । चन्दा र सहयोगमा चलेको पार्टीले स्वतन्त्र हैसियतमा आफ्नो उद्देश्यमा अगाडि बढ्न नसक्ने उहाँको ठहर छ ।

४- नेपाली कम्युनिष्ट आन्दोलनका विभिन्न कालखण्डमा देखापर्ने वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवाद, संशोधनवाद, अवसरवाद तथा विसर्जनवादलगायतका विचलनहरू कमरेड कृष्णदास श्रेष्ठ विचार तथा सिद्धान्तको क्षेत्रमा आएको स्खलनको अभिव्यक्ति ठान्नुहुन्छ । पछिल्लो कालखण्डमा मार्क्सवादी साहित्य अध्ययन तथा विमर्शमा आएको कमीप्रति उहाँ अत्यन्तै चिन्तित हुनुहुन्छ । उहाँ प्रायजसो प्रत्यक भेटमा भन्नुहुन्छ, "एकातिर नेपाली भाषामा मार्क्सवादी साहित्यको आधिकारिक अनुवाद तथा लेखनको कमी आउनु र अर्कोतिर वैचारिक तथा सैद्धान्तिक क्षेत्रको अध्ययन र बहसको कमी हुँदा कम्युनिष्ट आन्दोलनले गलत दिशा समात्ने खतरा रहन्छ । अब कम्युनिष्ट युवाहरूले वैचारिक काममा विशेष ध्यान दिन जरुरी छ ।"

चौतर्फी रूपमा उत्तरमार्क्सवादी, नवमार्क्सवादी, संशोधनवादी तथा अवसरवादीहरूबाट मार्क्सवादमाथि दिनदिनै हमला भइरहँदा मार्क्सवादको प्रतिरक्षार्थ पर्याप्त प्रतिरोध हुन नसकेको प्रति कमरेड कृष्णदास धेरै चिन्तित हुनुहुन्छ । विचारधारात्मक संघर्षमा कमरेड मोहन वैद्य'किरण' नेतृत्वको पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले केही काम गरेको भएपनि त्यो अपर्याप्त रहेको उहाँ बताउनुहुन्छ । कमरेड किरणको पार्टी नेतृत्वको जिम्मेवारीले गर्दा पनि वैचारिक क्षेत्रमा पर्याप्त काम हुन नसकेको उहाँको बुझाइ छ । भीषण विचारधारात्मक संघर्ष तथा वर्गसंघर्षको प्रक्रियाबाट नै गैरमार्क्सवादीहरूले कम्युनिष्ट र वामका नाममा छरेका भ्रमहरू चिर्न सकिने र कम्युनिष्ट आन्दोलनलाई नयाँ शीराबाट पुनर्संगठित गर्दै लक्षित उद्देश्यतर्फ अगाडि बढाउन सकिने उहाँको ठहर छ ।

५– नेपाली मार्क्सवादी साहित्य अनुवाद तथा लेखनमा जथाभावी शब्दको प्रयोग गरिंदा त्यसको अध्ययनले कतिपय सन्दर्भम भ्रम पैदा गर्ने गरेको भन्दै त्यस्तो प्रवृत्तिको उहाँ खुलेर आलोचना गर्नुहुन्छ । बजारमा कम्युनिष्ट आन्दोलनको भविष्यलाई भन्दा पनि अर्थोपार्जनलाई केन्द्रमा राखेर गरिएका अनुवाद र लेखनमा आधारित प्रकाशनको आधिकारितामाथि उहाँले पटक पटक प्रश्न उठाउनु भएको छ । नेताहरूले आफ्नो स्वार्थनुकूल मार्क्सवादको व्याख्या गर्ने र बजारमा उपलब्ध किताबहरूमा पनि व्यक्तिको वैचारिक अध्ययनको सीमा र दृष्टिकोण झल्किने प्रवृत्तिले गर्दा मार्क्सवादप्रतिकै बुझाइमा समेत समस्या उत्पन्न हुने गरेको कमरेड कृष्णदास श्रेष्ठको अनुभवसिद्ध भनाइ छ । एउटा सच्चा कम्युनिष्ट क्रान्तिकारी पार्टीले मार्क्सवादको अध्ययन, अनुसन्धान, अनुवाद तथा लेखन र प्रचारको आवश्यकता बोध गर्नुपर्ने र यसलाई एउटा महत्वपूर्ण कार्यभारको रूपमा लिनुपर्ने उहाँको सुझाव छ ।

६– नेपाली समाजको स्वरूप र भूराजनीतिक स्थितिका आधारमा नयाँ जनवादी क्रान्ति अपरिहार्य देख्नुहुन्छ कमरेड कृष्णदास श्रेष्ठ । अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्रमा नवऔपनिवेशिक चरित्र हावी हुँदै गएकोले राष्ट्रिय स्वाधीनताको आन्दोलनसँग जनतन्त्र र जनजीविकासँग सम्बन्धित आन्दोलनहरू पूरक आन्दोलनको रूपमा अगाडि बढाएर/लिएर जानुपर्ने उहाँको विश्लेषण छ । नेपालको सन्दर्भमा भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्धको आन्दोलन नै राष्ट्रिय स्वाधीनताको आन्दोलन हो । कमरेड कृष्णदास श्रेष्ठ भन्नुहुन्छ, "भारतीय विस्तारवादसँग लड्दा त्यहाँका शासकवर्ग र जनतालाई एउटै टोकरीमा हालेर बुझ्नु हुँदैन । नेपालको सार्वभौमिकताको रक्षा चाहने भारतीय जनता पनि छन् । नेपालमाथि भारतीय शासकवर्गले गर्ने हस्तक्षेपको विरोध गर्ने भारतीय जनतासँगको सम्बन्ध सुमधुर बनाउनु पर्दछ ।"

नेपालको प्राकृतिक र मानवीय स्रोतसाधनमाथि एकाधिकार कायम गरी नेपाली जीवनका सबै क्षेत्रमा प्रभुत्व लाद्न खोज्ने भारतीय विस्तारवादी शासकका विरुद्ध नलडेर मुलुकलाई राजनीतिक हिसाबले स्वाधीन नबनाई आर्थिक हिसाबले आत्मनिर्भर बनाउन सकिन्न । अहिलेको दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थामा आर्थिक समृद्धि र स्थायित्व कायम हुन सक्दैन । मुलुक फेरि द्वन्द्वमा हेलिने सामाजिक, राजनीतिक तथा आर्थिक सूचकांकहरूले बताइरहेको कमरेड कृष्णदासको ठहर छ ।

७– नेपाली कम्युनिष्ट आन्दोलनले वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक अन्तरविरोधहरूको समाधान गर्न नेपाली विशिष्टतामा आधारित कार्यदिशा र कार्यनीतिक श्रृङ्खलाको विकासमा विशेष ध्यान दिन जरुरी छ । सानातिना कार्यनीतिक सवालमा विभाजित अवस्थामा रहेका क्रान्तिकारीहरूलाई एकताबद्ध गरेर क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने दिशामा आन्दोलनलाई अगाडि बढाउन नेताहरूले विशेष जोड दिन जरुरी देख्नुहुन्छ कमरेड कृष्णदास श्रेष्ठ ।

८– नेपालका कम्युनिष्ट क्रान्तिकारीहरूले विचार, राजनीति, संगठन र संघर्षमा कमरेड माओले भनेजस्तो 'थ्रि इन वन'को तालमेल र सेटिङ मिलाउन नसकेको र पार्टी समर्थित बुद्धिजीबीहरू तथा सल्लाहकारहरूको अनुभव र क्षमतालाई पार्टी र क्रान्तिको हितमा भरपुर उपयोग गर्न नसकेको ठान्नुहुन्छ कमरेड कृष्णदास श्रेष्ठ । क. श्रेष्ठका अनुसार कम्युनिष्ट पार्टीले एउटा पुस्ताबाट ज्ञान तथा अनुभव अर्को पुस्तामा हस्तान्तरण गर्ने वातावरण पनि मिलाउन आवश्यक छ ।

९. कमरेड कृष्णदास श्रेष्ठ एउटा कम्युनिष्ट क्रान्तिकारी पार्टीका निम्ति 'कार्यकर्ता साधन नभएर साध्य हुन्' भन्नुहुन्छ । तर नेपालमा भएका कम्युनिष्ट पार्टीले कार्यकर्तालाई साध्यभन्दा साधनको रूपमा प्रयोग गर्ने प्रवृत्तिले गर्दा विभिन्न खराबीहरू पैदा हुने गरेको उहाँको अनुभव छ, "सिद्धान्त र व्यवहारको, संगठन र संघर्षको द्वन्द्वात्मकतालाई ठीक ढंगले पार्टी जीवनमा लागू नगर्दा पनि समस्याहरू जन्मिने गर्दछन् ।"

नेपाली कम्युनिष्ट आन्दोलनको पछिल्लो पुस्ताले मार्क्सवादप्रतिको सही बुझाई कायम गर्न कमरेड कृष्णदास श्रेष्ठको व्यक्तित्व र कृतित्वको सूक्ष्म अध्ययन गर्नैपर्दछ । मार्क्सवादी विचारको खडेरी परेको र चौतर्फी रूपमा अवसरवाद हावी भएको अहिलेको समयमा कमरेड कृष्णदास श्रेष्ठ र उहाँका कृतिहरू मरुभूमिको पानी जस्तै हो । चरम आर्थिक संकटबाट गुज्रदो साम्राज्यवाद मार्क्सवादकै साहराले अहिले श्वास फेरिरहेको अवस्थामा र अहिले पश्चिमा विकसित तथा साम्राज्यवादी मुलुकहरूमा कम्युनिष्ट घोषणा पत्र तथा मार्क्सवादी पुस्तकहरूको खोजी, अध्ययन र अनुसन्धानले तीव्र रूप लिइरहेको पृष्ठभूमिमा नेपाल र नेपाली समाजमा विद्यमान अन्तर्विरोध तथा समस्या हल गर्न मार्क्सवादी विचार सिद्धान्त नै एउटा अचुक अस्त्र हो । अहिले नेपालमा मार्क्सवादको खोजी, अध्ययन, बहस तथा अनुसन्धानप्रति उदासिनता जस्तो देखिए पनि समय फेरि यस्तो आउनेछ- मानिसहरूले मार्क्सवादलाई खोजी खोजी अध्ययन, बहस र अनुसन्धान गर्नेछन्, र संकटका समाधान मार्क्सवादमा नै भेट्नेछन् । त्यसबेला कमरेड कृष्णदास श्रेष्ठको व्यक्तित्व र कृतित्वको अध्ययनको आवश्यकता र महत्व अहिलेको भन्दा कैयौं गुणा बढेर जाने निश्चित छ । त्यसैले कमरेड कृष्णदास श्रेष्ठ बारम्बार भन्ने गर्नुहुन्थ्यो- "युवाहरूले वैचारिक काममा ध्यान दिनु पऱ्यो । अध्ययन, अनुसन्धान गर्नुपऱ्यो । अध्ययन विना पार्टी र क्रान्ति अगाडि बढ्न सक्तैनन् । अध्ययन अनुसन्धान कम्युनिष्ट पार्टी र क्रान्तिका लागि अनिवार्य शर्त हुन् ।"

*(प्रस्तुत लेख 'सहकर्मी र मित्रहरूका दृष्टिमा कृष्णदास श्रेष्ठ' शीर्षक पुस्तकमा प्रकाशित लेखको सम्पादित अंश हो ।)*

# क्रान्तिकारी माओवादी राष्ट्रियता, जनतन्त्र र जनजीविका लागि लड्दै आएको पार्टी हो : दिनेश शर्मा

*देशभक्त जनगणतान्त्रिक मोर्चा काभ्रेको सम्मेलन सम्पन्न, अध्यक्षमा जितबहादुर लामा निर्वाचित*



काभ्रे । नेकपा (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक नेपाल काभ्रेको प्रथम जिल्ला सम्मेलन यही फागुन १८ गते सम्पन्न भएको छ ।

'भ्रष्टाचार, कमिशनतन्त्र, माफियाहरू, काला बजारीया र दलालहरूलाई सशक्त कार्वाही गरौं, नयाँ जनवादी क्रान्तिको तयारीमा अगाडि बढौं' भन्ने मुल नाराका साथ बनेपा बसपार्कबाट निस्केको जुलुशले तीनदोबाटो, चारदोबाटो, गोदामचोक हुँदै पुनः बसपार्कमा पुगेको र्‍याली सम्मेलन उद्घाटनमा परिणत गरेको थियो ।

सम्मेलन उद्घाटन सत्रको प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) का पोलिट्व्युरो सदस्य तथा ३ नं. प्रदेशका सचिव दिनेश शर्माले क्रान्तिकारी माओवादी राष्ट्रियता, जनतन्त्र र जनजीवीका लागि लड्ने पार्टी भएको बताएका छन् । मोर्चाको सम्मेलनलाई सम्बोधन गर्दै नेता शर्माले ओली सरकार दलाल र भ्रष्टहरूको सरकार भएको र यसले जनघात र राष्ट्रघातभन्दा अरु केही काम नगरेको बताए ।

वाइडबढी भ्रष्टाचार प्रकरण, निर्मला पन्तको बलत्कारपछि भएको हत्या प्रकारण, ३३ किलो सुन प्रकरण लगायतमा संलग्न दोषीहरूलाई कार्वाही गर्नुको साटो ढाकछोप गर्ने, भारतले सीमा मिच्दा चुपचाप बस्ने र तिनकै इसारामा चल्ने यो सरकार कुनै पनि हालतमा राष्ट्रवादी हुन नसकेको जिकिर गर्दै नेता शर्माले क्रान्तिकारी माओवादीले हाल देशव्यापी रूपमा भारतले मिचेको स्थानमा सीमा अवलोकन गरिरहेको समेत जानकारी दिए । उनले मुलुकमा विद्यमान भ्रष्टाचार, विकृति र विसंगति विरुद्ध आफ्नो पार्टीले कार्वाही शुरु गरिसकेको समेत बताए ।

त्यसैगरी सम्मेलनका अर्का अतिथि देजमो नेपालका केन्द्रीय सचिवालय सदस्य कान्छाराम तामाङले मुलुकले गति लिन नसक्नुमा बाहुनवादी हिन्दु चिन्तन दोषी रहेको बताए । हिन्दु धर्ममा जातीय, लिंगीय विभेद भएको र राज्यको धर्म नै हिन्दु भएकोले कयौं वर्षसम्म नेपाल महिला तथा जनजातिहरू सो विभेदको शिकार बन्नु परेको उनले जिकिर गरे ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य विकास, जिल्ला सचिव वसन्त, क्रान्तिकारी युवा लीगका केन्द्रीय सदस्य केशव ढल्कोटी, अखिल क्रान्तिकारीका केन्द्रीय उपाध्यक्ष शिलु न्यौपाने, शहीद परिवारको तर्फबाट खेजराज न्यौपाने र रोशी गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष तेजबहादुर रानामगरले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा नेपाल बार एशोसिएसन काभ्रेका अध्यक्ष देवकुमार मोक्तान, रोशी गाउँपालिका वडा नं. ४ का वडा सदस्य गोपीमाया थापामगर लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

यसैबीच, मोर्चाका जिल्ला संयोजक टेक बहादुर वि.क.को सभापतित्वमा भएको उद्धाटन सत्रको सञ्चालन जितबहादुर लामा र स्वागत मन्तव्य आशिष रानाले गरेका थिए । सम्मेलनले संयोजक टेकबहादुर वि.क.द्वारा प्रस्तुत राजनीतिक तथा आर्थिक प्रतिवेदनलाई पारित गर्दै आगामी २ वर्षका लागि जितबहादुर लामाको अध्यक्षतामा ३३ सदस्यीय जिल्ला संगठन समिति चयन गरेको छ ।

जसमा उपाध्यक्ष मिना तामाङ (धुलिखेल), सचिव गुञ्जमान तामाङ (नमोबुद्ध), कोषाध्यक्ष प्रतिक तामाङ रोशी र सदस्यहरूमा क्रमश तेलीमाया थिङ (बनेपा), सुर्यमान मोक्तान (तेमाल), श्याम वि.क.(पाँचखाल) शोभा सेञ्च्युरी (नमोबुद्ध), सौरव कायस्थ (बनेपा), प्रदिप अस्तानी (महाभारत), दानु प्रधान (चौंरीदेउराली), रेशम माझी (भुम्लु), शेरबहादुर वि.क. (बेखसिम्ले), साइला तामाङ (रोशी), ज्ञानबहादुर लामा (नमोबुद्ध), मुकुन्द ढकाल (पाँचखाल), कविता तामाङ (पाँचखाल), राकेश लामा (नमोबुद्ध), मानबहादुर योञ्जन (महाभारत), मेजरमान थिङ (महाभारत), रिजन थिङ (महाभारत), पदम दोङ (तेमाल), वसन्त वि.क. (बनेपा), नविन वाईवा (बनेपा), लालमान तामाङ (तेमाल सरमथली), खेजराज न्यौपाने (रोशी), छविलाल रानामगर (रोशी), पूर्णबहादुर रानामगर (रोशी), साईला लामा (चौरीदेउराली), एलिसा माझी (भुम्लु) रहेका छन् । बन्दसत्रको सञ्चालन अध्यक्ष मण्डलका संयोजक अधिवक्ता देवकुमार मोक्तानले गरेका थिए ।

# क्रान्तिकारी ट्रेड युनियन महासंघ कैलालीको भेला सम्पन्न दीपक महताको नेतृत्वमा १५ सदस्यीय कमिटी निर्वाचित



कैलाली । नेकपा (क्रान्तिकारी माओवादी) निकट मजदुर संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको कैलाली जिल्ला भेला भव्य रूपमा सम्पन्न भएको छ । बुधबार सम्पन्न भेलाले दीपक महताको नेतृत्वमा १५ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको छ ।

पार्टी पीवीएम् तथा ७ नं. सचिव कमरेड अटल, महासंघका केन्द्रीय संयोजक ईश्वर तिमिल्सिना लगायतका नेताहरूको उपस्थितिमा सम्पन्न भएको भेलाले महासंघको कैलाली जिल्ला उपाध्यक्षमा मोहम्मद सरफरोज, सचिवमा दिलबहादुर धामी, कोषाध्यक्षमा राजु पन्त र सदस्यहरूमा विजय, भवानीदत्त जोशी, श्रीराम चटौत, प्रेमबहादुर भण्डारी, लवदेव पन्त, मनबहादुर खड्का, प्रेम गुरुङ लगायत रहेका छन् ।

भेलामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सचिवालय सदस्य तथा ७ नं. प्रदेस संयोजक रामबहादुर केसी, पार्टी केस कमरेड क्षितिज, कैलाली जिल्ला पार्टी सेक्रेटरी लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी माओवादी निकट ईन्जिनियरहरू संगठित, ई. निवासचन्द्र श्रेष्ठको संयोजकत्वमा नेपाल ईन्जिनियरिङ अर्गनाइजेशन गठन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट ईन्जिनियरहरू संगठित भएका छन् । ईन्जिनियरहरूको एक भेलाले ई.निवासचन्द्र श्रेष्ठको संयोजकत्वमा नेपाल ईन्जिनियरिङ अर्गनाइजेशन गठन गरिएको छ ।

क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य प्रभाकिरणको प्रमुख आतिथ्यतामा भएको भेलाले अर्गनाइजेशनका अन्य सदस्यहरूमा अनन्त गुरुङ, श्रीकृष्ण सुलु, चन्द्रलाल गुरुङ, तिलक बानियाँ, चुँडामणि श्रेष्ठ, निशान पौडेल, तुफान पौडेल, प्रदिप सुवेदी, दुर्गा गुरुङ, सचिर महर्जन लगायतलाई संगठित गरेको छ ।

भेलाले मस्यौदा विधान तथा प्रतिवेदन आवश्यक परिमार्जनसहित पारित गरेको छ । भेलाले निवासचन्द्र श्रेष्ठ, श्रीकृष्ण सुलु, चुडामणि श्रेष्ठ र तिलक बानियाँलाई संगठनको नीति, योजना, कार्यक्रम बनाउने जिम्मा दिएको छ ।

# वाम आन्दोलनका नेता भरतमोहन अधिकारीको निधन



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता तथा पूर्वउपप्रधानमन्त्री भरतमोहन अधिकारी पार्थिव रूपमा अब हाम्रो माझ रहेनन् । उनको शनिबार राती ९:३५ मा काठमाडौंस्थित ह्याम्स अस्पतालमा उपचारका क्रममा निधन भएको छ । दीर्घायु भएका ८३ वर्षीय अधिकारीको दुई हप्ताअघिदेखि सघन उपचार कक्षमा उपचार भइरहेको थियो । निमोनिया, श्वासप्रश्वास, आदि समस्याबाट पीडित अधिकारी लगातार २ महिना अघिदेखि अस्पतालमा उपचार गराइरहेका थिए ।

बि. सं. १९९३ मा महोत्तरी जिल्लामा जन्मिएका अधिकारी जीवनभर सामाजिक, राजीतिक तथा स्वयम्सेवीका रूपमा जनताका माझमा रहे । सानैदेखि वाम राजनीतिमा झुकाव राख्ने अधिकारी नेपालीमा चल्दै आएका वाम तथा प्रजातान्त्रिक आन्दोलनमा सहभागी हुँदै आइरहे ।

पछिल्लो पटक नेकपाका स्थायी समिति सदस्य रहेका अधिकारी एमालेको सरकार बन्दा अर्थमन्त्रीका रूपमा रहँदा वृद्धभत्ता, आफ्नो गाउँ आफै बनाऔं कार्यक्रम र स्थानीय निकायमा विकास बजेट विनियोजन गरेर चर्चामा आएका थिए । सामाजिक सुधारका कार्यक्रमले उनलाई जनताका माझमा चिनाएको थियो । अधिकारीको पार्थिव शरीर आइतबार विहान श्रद्धान्जलीका लागि नेकपा पार्टी कार्यालय धुम्बाराहीमा राखिएपछि आइतवार नै शव यात्रासहित पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ ।

# क्रान्तिकारी माओवादी निकट धादिङ र गोरखाको जनगणतान्त्रिक सम्पर्क मञ्च गठन

काठमाडौं । एक भेलाका बीच नेकपा (क्रान्तिकारी माओवादी) निकट धादिङ र गोरखाको जनगणतान्त्रिक सम्पर्क मञ्चको गठन गरिएको छ । काठमाडौंको सामाखुसीमा आयोजित एक भेलाले गोरखा र धादिङ जिल्लाको सम्पर्क मन्च गठन गरेको हो ।

भेलाले विमेश श्रेष्ठको संयोजकत्वमा १५ सदस्यीय धादिङ-काठमाडौं जनगणतान्त्रिक सम्पर्क मञ्च गठन गरेको छ भने यो सम्पर्क मञ्चमा प्रशान्त शाही सहसंयोजक रहेका छन् । र, सदस्यहरूमा लक्ष्मी शाही, जीवन गुरुङ, भेषराज पराजुली, ज्ञानु शाही, भिम तामाङ, विक्रम श्रेष्ठ, दिपेन्द्र श्रेष्ठ लगायत रहेका छन् । त्यसैगरी भेलाले किरण कार्कीको संयोजकत्वमा ७ सदस्यीय गोरखा-काठमाडौं जनगणतान्त्रिक सम्पर्क मञ्च गठन गरेको छ । यो सम्पर्क मञ्चमा दिवश केसी सहसंयोजक रहेका छन् भने सदस्यहरूमा क्रमशः आशिष थापा, अनिल खड्का, नवीन थापा लगायत रहेका छन् ।

मञ्चका केन्द्रीय सचिव कुमार बोगटीको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न भेलालाई प्रमुख अतिथिको रूपमा क्रान्तिकारी माओवादीका केस तथा मञ्चका केन्द्रीय संयोजक वसन्त बोगटीले सम्बोधन गरेका थिए ।

# देजमो ललितपुरको सम्मेलन सम्पन्न, इन्दिरा अधिकारी अध्यक्षमा निर्वाचित



ललितपुर। देशभक्त जनगणतान्त्रिक मोर्चा, ललितपुरको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले इन्दिरा अधिकारीलाई जिल्लाको अध्यक्षमा निर्वाचित गरेको छ । बुधबार भएको मोर्चाको सम्मेलनले कमिटिको उपाध्यक्षमा रोशन, सचिवमा के के मल्ल, कोषाध्यक्षमा निशा राई, सहसचिवमा निरन तुलाधरलाई निर्वाचित गरेको छ भने सदस्यहरूमा पुर्ण बहादुर सार्की (निर्मल), शुक्र, टिका तामाङ्ग लगायत निर्वाचित भएका छन् ।

देजमोका केन्द्रीय सचिवालय सदस्य तथा ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनको अध्यक्षता इन्दिरा अधिकारीको रहेको थियो । प्रमुख अतिथि लगायत नेकपा (क्रान्तिकारी माओवादी)का भक्तपुर जिल्ला इन्चार्ज भरत बुर्जा, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, पार्टी जिल्ला सचिव दिपक, देजमो काठमाडौका कोषाध्यक्ष ढोग प्रसाद अधिकारी लगायतका नेताहरूले सम्मेलनमा मन्तव्य राखेका थिए ।

मोर्चाले ललितपुरमा चैत्र २४ मा हुन लागेको राष्ट्रिय सम्मेलनलाई लक्षित गरी संगठन निर्माण, वाल पेन्टिङ लगायतका कामलाई तीव्रता दिंदै आएको छ ।

# 'बलात्कारीलाई फाँसी दे' भन्ने नारासहित क्रान्तिकारी महिलाहरूले आठ मार्च मनाउने



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी)ले व्यापक र भव्य रूपमा १०९ औं अन्तर्राष्ट्रिय महिला दिवस (आठ मार्च) मनाउने तयारी गरेका छन् ।

हालै बसेको संगठनको बैठकले 'महिला सुरक्षा, मुक्ति र जनगणतन्त्रका लागि संघर्ष गरौं, १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्य रूपमा मनाऔं' भन्ने मूल नाराका साथ मनाउन लागिएको महिला दिवसमा क्रान्तिकारी महिलाहरूले 'बलात्कारीलाई फाँसी दे, महिलामाथि हुने हत्या, हिंसा, बलात्कारको अन्त्य गर, पैतृक सम्पत्तिमा समान अधिकार लागू गर, राज्यसत्तामा विशेषाधिकारसहित पूर्ण समानुपातिक महिला प्रतिनिधित्वको ग्यारेण्टी गर, समान कामको समान ज्याला कायम गर, सम्पूर्ण उत्पीडित महिलाहरू एक होऔं, महिला मुक्ति आन्दोलन जिन्दावाद' लगायतका नाराहरू अगाडि सारेका छन् ।

प्राप्त जानकारी अनुसार आठ मार्च अर्थात् २४ गते काठमाडौंको शान्तिबाटिकामा भेला भई नारा जुलुससहित सभा गरेर आठ मार्च मनाउने तयारी गरिएको छ । आठ मार्चलाई लक्षित गरेर अनेमसंघ (क्रान्तिकारी)ले हाते पर्चा समेत प्रकाशित गरिसकेको छ ।

# भारत–पाकिस्तान 'प्रोक्सी वार' : पुलावामा, बालाकोटहुँदै वाघासम्म

काठमाडौं । पछिल्लो समयमा भारत पाकिस्तानका बीचमा 'प्रोक्सी वार' निकै उत्तेजक रूपमा चल्यो । स्वरूपमा मात्र लिनेहरूले यो साँच्चिकै युद्धमा परिणत हुन्छ भनेर असंभावी युद्धको रूपमा देखे पनि । तर यो केही थोरै यथार्थता र बढी त प्रचार युद्धका रूपमा चल्यो । भारतको पुलावामा आत्मघाती बम बिष्फोट नै भयो । भारतीय सेनाहरूको ठूलो हताहती भयो । त्यसपछि भारतले पाकिस्तानको बालाकोटमा गरेको हवाई बमबारीमा मानवीय हताहती नभएन पनि बमबारी साच्चि नै गरिएको थियो ।

**बालाकोट र एकअर्कामा चोट**

२६ फेब्रुअरीमा भारतीय लडाकु विमान पाकिस्तानको सीमाभित्र प्रवेश गरी गरेको बमबारीमा भारतले आफ्नो तर्फबाट ३०० जना जैस-ए-इस्लाम समूहका लडाकुहरू मारिएको र उनीहरूको बालाकोटस्थित तालिम केन्द्र ध्वस्त पारिएको प्रचार निकै ठूलो स्वरमा गरिएको थियो । तर पाकिस्तानका तर्फबाट भने भारतले बमबारी गरेको तर कुनै पनि मानवीय तथा धनमालको क्षति नभएको जनाएको थियो । पाकिस्तानका अनुसार भारतले अन्तर्राष्ट्रिय नियमहरूको उल्लंघन गरेको र पाकिस्तानको सीमाभित्र विना अनुमति लडाकु जहाज प्रवेश गरेकाले त्यसको बदला लिइने कडा चेतावनी दिइएको थियो ।

समय र गतिले फेरेको कोल्टेलाई भारतले निकै नजर अन्दाज गर्दै परंपरागत प्रचारमा रमाइ नै रह्यो । तर विज्ञान र प्रविधिका कारण समय निकै बदलिइसकेको छ । बमबारी गरिएको भनिएको घटनाहरू घट्न् मोदीका लागि रात सकिएर उज्यालो नहुँदै बालाकोटमा पत्रकारहरू पुगे । बिबिसी र अलजजिराले त्यहाँको ताजा कुरा बाहिर ल्याए । २/४ वटा सल्लाको बोट र एउटा कागबाहेक अरुको क्षति नभएको ती सञ्चारमाध्यमहरूले सप्रमाण प्रचारमा आयो ।

सामाजिक सञ्जालका कारण यो निकै भाइरल बन्न पुग्यो । २७ फेब्रुअरीमा पाकिस्तानी लडाकु विमान भारतीय भूमिमा छिरेर भारततिरको खुला स्थानमा बम खसाए । भारतीय सेनाले जवाफी आक्रमणको प्रयास गरे पनि पाकिस्तानी लडाकू विमान सकुशल आफ्नो भूमिमा फर्किए । त्यसलाई नक्कल गर्दै भारतीय सेनाको लडाकू विमान पाकिस्तानी भूमिमा फेरि प्रवेश गरे । तर पाकिस्तानी सेनाले दुई भारतीय लडाकु विमान खसाइदिए । खसालिएका दुईमध्ये एक लडाकु विमानका चालकको भने प्यारासुटको माध्यमबाट भूइँमा जीउँदै अवतरण गरे । उनी पाकिस्तानी सेनाको गिरफ्तारीमा रहे ।

गिरफ्तारीमा रहेका भारतीय लडाकु विमानका क्याप्टेन अभिनन्दन अन्ततः भारत पाकिस्तान बोर्डर पञ्जाव इलाकास्थित वाघाबाट भारतमा फिर्ता गरिए । कुटनीतिक रूपमा पाकिस्तानको ठूलो जीत र भारतको लज्जाजनक हार भएको अवस्था वर्तमानमा रहेको छ ।

**भारतीय चुनावमा मोदीका लागि ठूलो धक्का**

यो घटनाले मोदीलाई संसदीय निर्वाचनमा निकै ठूलो धक्का लाग्ने देखिएको छ । उनको पार्टी यसअघिका केही प्रान्तीय चुनावमा निकै नराम्ररी पछारिन पुगेको छ । यस सैन्य घटनापछि त मोदीको आशा त्यति रहेको देखिदैन । चुनावकै नजिकमा आएर यस्ता घटनाहरू हुनु उनका लागि दुर्भाग्यपूर्ण कुरा हो ।

अर्को कुरा कब्जामा रहेका बेला पाकिस्तानी सेनाहरूले भारतीय पाइलटलाई गरेको सौहाद्रपूर्ण व्यवहार भातीयका लागि अपाच्य भएको छ । यसले पनि मोदीको 'प्रोक्सी वार' विफल बनाइदिएको छ । जहाँसम्म भारतको पुलावामा घटना हो, त्यो पाकिस्तानले गरे/गराएको भारतले आरोप लगाएपछि पाकिस्तानले प्रमाण माग गरेको छ । यसमा पनि ठोस आधार र प्रमाण जुट्न सकेको छैन । पाकिस्तानी राष्ट्रपति इमरान खानको त यो घटना पनि भारतकै प्रोक्सी वार 'एक्स्प्लोइट' गर्न वा दुरूपयोग गरेर चुनाव जित्नका लागि हो भन्नेतिर लक्षित छ ।

**'इगो' ले लैजानसक्छ अनपेक्षित युद्धमा**

यो घटनाले भारत पाकिस्तानको इगो चुल्याएको छ । यो इगोले नमीठो घटनातिर दुवै देशहरूलाई डोऱ्याउन सक्छ । दक्षिण एसियाका दुई आणविक शक्ति राष्ट्र भारत र पाकिस्तानबीच युद्ध भड्किने चिन्ता धेरैमा छ । एक त आफैमा गरीबी र अविकासको गतिहीनतामा फसेको दक्षिण एशिया, त्यसैमा पनि यी दबै देश युद्धमा होमिए भने यसको परिणाम विकास र प्रगतिमा बीसौं वर्षसम्म रहिरहने छ ।

एउटै घरका भाइहरू छुट्टिएका भारत र पाकिस्तान एकले अर्कालाई श्रेष्ठ साबित गर्न निकै लालायित देखिन्छन् । एकभन्दा अर्को बढी नै राष्ट्रवादी भएको देखाउन यी दुवै देश निकै लामो समयदेखि प्रयत्नरत छन् । पछिल्लो चरणमा भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदी सत्तामा आएपछि छिमेकी देशहरूसँग हुने भनी गरिएको आशातित सम्बन्ध अब बिग्रने अवस्थामा पुगेको छ । कांग्रेस आईको पुरानै र घिसेपिटे विदेश सम्बन्धमा मोदीको आगमनसँगै केही सुधार हुने आशा गरिएको थियो । तर त्यो पछिल्लो समयमा आएर धुमिल र शंकास्पद नै देखिन गयो ।

**बाह्य प्रभाव र कुटनीतिक पहल**

भारत र पाकिस्तानबीचमा भएका यी सबै गतिविधि बाह्य शक्तिका छायाँ र हाउभाउमा पनि परेका देखिन्छन् । अमेरिका जसरी पनि एशिया महादेश र एशियाली देशमा युद्ध चलोस् भन्ने चाहन्छ । अमेरिका त्यो दाउँमा पनि छ । भारत र पाकिस्तान वा भारत र चीनका बीचमा युद्ध होओस् भन्नेमा अमेरिका निकै कुटनीतिक पहलमा जुटेको पनि देखिन्छ ।

सिरियामा भएको युद्धमा अमेरिका यही चालभावका साथ चलेको थियो । कोरियाली प्रायद्वीपमा अमेरिका सापेक्षित लामो सम्बन्धको खोजीमा देखिन्छ । पूर्वतिरको 'साउथ चाइना सी'लाई पनि अमेरिका युद्ध मोर्चाका रूपमा विकास गराउन उद्धत देखिन्छ ।

हालको भारत-पाक कुटनीतिक पहलमा चीनको कुटनीति निकै तिक्ष्णतामा अभिव्यक्त भएको देखिन्छ । सतहमा नदेखिए पनि आफ्नो लगानी र मैत्री सम्बन्धको रक्षाको लागि चीनको सल्लाह र सुझाव पाकिस्तानका लागि ठूलो सहयोगी र रक्षाकवज हुने देखिएको छ ।

**सैन्य क्षमतामा बीस–उन्नाईसको फरक**

भारत पाकिस्तानको सैन्यशक्ति बीसको उन्नाईस जस्तो देखिन्छ । तुलनात्मक रूपमा पाकिस्तानभन्दा भारत अघि नै छ । संसारकै दोस्रो ठूलो जनसंख्या भएको देश भारतमा १२ लाख सेना छन् भने करिब २० करोड जनसंख्या रहेको पाकिस्तानसँग ८ लाख सैनिक छन् । सार्वजनिक गरिएअनुसार भारतसँग करिब ४ हजार ४ सय ट्यांक, ६ हजार ८ सय बख्तरबन्द लडाकु बहान, २९० रकेट लन्चर छन् भने पाकिस्तानसँग २ हजार ९ सय ट्यांक, २८ सय बख्तरबन्द बहान, ४६५ सेल्फ प्रोपेल्ड गन, १३४ वटा रकेट लन्चर छन् ।

पाकिस्तानसँग भएको अल खालिद ब्याटल ट्यांकलाई पाकिस्तानी सेनाको मेरुदण्डका रूपमा लिइन्छ । भारतसँग भने अर्जुन एमके-२ जस्ता ट्यांक छन् ।

भारतका वायु सेनासँग १७ सय एयरक्राफ्ट छन् भने पाकिस्तानसँग ९६० एयरक्राफ्ट छन् । पाकिस्तानसँग ५१ वटा एएचवानएस कोब्रा हेलिकोप्टर र १५ एएचवानजेड भाइपर छन् । सैन्य क्षमतामा पाकिस्तानभन्दा अघि रहेको भारत आणविक क्षमतामा भने पछि छ । पाकिस्तानसँग १३० र भारतसँग ११० वटा आणविक हतियार छन् ।

भारतसँग ४ हजार ४ सय ट्यांक, ६ हजार ८ सय बख्तरबन्द लडाकु बहान, २९० रकेट लन्चर छन् भने पाकिस्तानसँग २ हजार ९ सय ट्यांक, २८ सय बख्तरबन्द बहान, ४६५ सेल्फ प्रोपेल्ड गन, १३४ वटा रकेट लन्चर छन् । पाकिस्तानसँग १३० र भारतसँग ११० वटा आणविक हतियार छन् ।


**मानव अस्त्र नै सबैभन्दा ठूलो अस्त्र**

आखिरमा लडाकु विमान र अस्त्रशस्त्रका कुरा निकै गरे पनि आखिरमा जीत भनेको मानवकै हो । पुलवामा देखि बालाकोटसम्मका घटनाहरूमा हतियारका कुराहरू निकै आए पनि पाकिस्तानले भारतीय पाइलट फिर्ता गरेपछि हतियारका सबै कुराहरू ओझेलमा परे ।

मानिसका स्वार्थ र बाजीहरू पनि मानव बचाउतिर लागे । पाइलट अभिनन्दनको सुपुर्दगी अहिलेको भारत-पाकिस्तान प्रोक्सी वारको तात्कालीन टुंगोका निमित्त कारक बन्न पुगे । भारत-पाकिस्तानको सिमाना पञ्जाबस्थित वाघामा उनलाई सुपुर्दगी गरियो ।







## कृष्णदास...

पुस्ताका नेता, मार्क्सवादी सिद्धान्तका व्याख्याता, विचारक, लेखक तथा अनुवादकको भूमिकाबाट नेपाली सर्वहारावर्गीय आन्दोलनमा अतुलनीय योगदान पुऱ्याउँदै आउनुभएका कमरेड कृष्णदास श्रेष्ठको निधनले नेपालको समग्र कम्युनिस्ट आन्दोलनमा गम्भीर र अपूरणीय क्षति हुन पुगेको छ । यही अनुभूति र ठहर विभिन्न धारामा विभक्त नेपालका सबै कम्युनिस्ट पार्टीहरूको रहेको छ । र, कमरेड कृष्णदासप्रति आ-आफ्नो ठाउँबाट नेकपा (क्रान्तिकारी माओवादी) लगायत सबै कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरूले श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । कमरेड कृष्णदास श्रेष्ठकै जीवनकालमा बनेको यो 'कृष्णदास श्रेष्ठ फाउन्डेशन'को तर्फबाट हामी उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुने सबै कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै श्रद्धेय कमरेड कृष्णदास श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । र, उहाँको निधनबाट शोकसन्तप्त पार्टीपंक्ति, परिवार तथा सबै आफन्त तथा शुभेच्छुकहरूमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालकै सहयात्री रहनुभएका कमरेड कृष्णदास अविभाजित कम्युनिस्ट पार्टी काठमाडौंको सेक्रेटरी हुँदै तत्कालीन नेपाल मार्क्सवादी-लेनिनवादी पार्टीको महासचिव, नेकपा(मालेमा) को अध्यक्ष, २०४६ सालमा पञ्चायत व्यवस्था विरुद्ध बनेको क्रान्तिकारी कम्युनिस्टहरूको मोर्चा संयुक्त राष्ट्रिय जनआन्दोलनका घटक सदस्य तथा २०४७ सालमा वैधानिक संघर्ष एवं आन्दोलनलाई अगाडि बढाउन र संसदीय व्यवस्था, संसदवादको भण्डाफोर गर्न निर्माण गरिएको संयुक्त जनमोर्चाका संस्थापक सदस्य रहनु भयो । संयुक्त जनमोर्चालगायत मोर्चाहरूको निर्माणमा र त्यसको सैद्धान्तिक व्यवस्थापनमा प्रधान भूमिका खेलेको कुरा सँदा स्मरणीय रहेको छ । पछिल्लो अवधिमा नेकपा (मालेमा) र नेकपा (माओवादी) का बीच एकीकरण भएपछि उहाँ नेकपा (माओवादी) को केन्द्रीय सल्लाहकार परिषदको अध्यक्ष तथा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष एवम् वरिष्ठ नेताको रूपमा रहनु भई नेपालको कम्युनिस्ट आन्दोलनलाई नेतृत्व दिंदै आउनुभयो । मार्क्सवादी-लेनिनवादी-माओवादी दर्शनलाई पचाएर नेपाली भाषामा लेख्ने यस्तो जटिल कार्य गरी कृष्णदासले वर्गसंघर्ष, जनसंघर्ष र प्रतिरोध संघर्षलाई बल पुऱ्याउनु भयो । मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक, सैद्धान्तिक विकास र तिनको प्रभावको मीमांसात्मक निरूपण र नेपाली क्रान्ति तथा विश्व सर्वहारावर्गको मुक्ति संघर्षका पक्षमा उभिई दक्षिणपनथी, संशोधन तथा नवसंशोधनपन्थी विचारधारा विरुद्धका कार्य उहाँबाट भएको पाइन्छ । अध्ययन, अनुभव र निरन्तर वैचारिक साधनाको उपजका रूपमा रहेको ज्ञानजन्य अभिव्यक्तिको उदाहरणका रूपमा उहाँको रचना रहेका छन् ।

उहाँका कार्लमार्क्स र मार्क्सवाद, कार्ल मार्क्स : व्यक्तित्व र कृतित्व ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यका सिद्धान्त, द्वन्द्ववाद र द्वन्दात्मक प्रवर्गहरू, मार्क्सवाद चिनारी पुस्तकमाला, दर्शन शास्त्रको विकास, भौतिकवादी सहित्य चिन्तन र समीक्षा लगायतका मार्क्सवादी सैद्धान्तिक दार्शनिक क्षेत्रका मौलिक तथा अनुदित कृतिहरू नेपाली कम्युनिस्ट आन्दोलनका अमूल्य निधि हुन् । उहाँका कैयन् मौलिक तथा अनुदित पाण्डुलिपीहरू पुस्तकको रूपमा प्रकाशित हुन बाँकी छन् । जीवनको अन्तिम क्षणमा पनि कमरेड कृष्णदास श्रेष्ठको चिन्ता नेपाली कम्युनिस्ट आन्दोलनको भविष्यप्रति नै थियो । त्यसका लागि उहाँ आफ्ना पाण्डुलिपीहरूलाई प्रकाशन गर्न चाहनुहुन्थ्यो । प्रयत्न गर्दा गर्दै पनि ती ती पाण्डुलिपीहरू प्रकाशन हुन सकेका छैनन् । अब त्यो कार्यभार पूरा गर्ने दायित्व यही फाउन्डेसनको काँधमा आएको छ । कमरेड कृष्णदास श्रेष्ठका कृतिहरूलाई नेपाली कम्युनिस्ट आन्दोलनको पुँजीको रूपमा संस्थागत गर्ने गरी आगामी दिनमा कृष्णदास श्रेष्ठ फाउन्डेसनले काम अगाडि बढाउने छ । त्यसका लागि सबै कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरूमा हामी सहयोगको लागि हार्दिक अपिल समेत गर्दछौं । यही प्रतिबद्धतासहित कमरेड कृष्णदास श्रेष्ठप्रति फाउन्डेसनको तर्फबाट हामी पुनः भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।'

## उत्तर कोरियालीसम्बन्ध लम्ब्याउँदै ट्रम्प

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच भियतनामको हनोइमा दोस्रो वार्ता पनि सम्पन्न भएको छ । परिणाममा केही पनि नदेखिए तापनि यसको भित्री रहस्य भने अर्कै रहेको छ । यो कुटनीतिको पनि कुटनीतिक वार्ता हो ।

प्रचार र स्वरूपका हिसाबले यसलाई 'बहुचर्चित' तर 'असफल' मानिएको छ । अमेरिकाले यो बैठकलाई निकै राम्रो र सिर्जनात्मक भएको भनी टिप्पणी गरेको छ । चीनले पनि अमेरिका र उत्तर कोरियाको वार्ता निरन्तर अघि बढिरहने अपेक्षा सार्वजनिक गरेको छ । उत्तर कोरिया त बोल्न बाँकी छ । सधैं अमरिका बोल्ने र अरुले पछि जवाफदिने चलन विश्व राजनीतिमा देखिदै आएको छ । तर उक्त शीखर वार्तामा कुनै साझा समझदारी नबनेको ह्वाइट हाउसले स्पष्ट पारेको छ । अर्को वैठकका लागि तयारीको वैठक जस्तै भएको पनि ह्वाइट हाउसले जनाएको छ । वार्तामा कुरा पुरानै दोहोरिएको र दुई नेताबीचमा आणविक निशस्त्रीत्रकरणका कुरा बढी उठेका थिए । उत्तर कोरियाका तर्फबाट किम जोङ उनले आर्थिक योजनाका बारेमा पनि केही त बोलेका थिए, तर ट्रम्प तयार नभएको देखिएको छ । वार्तामा उत्तर कोरियाली नेता किम जोङ उनले उत्तर कोरियामा अमेरकी कुटनीतिक नियोग राख्न सहमत भएको बताइएको छ ।

# आमा विष्णुमाया अधिकारीको आँखामा छोरा सहिद शिव अधिकारी 'क.सुमन'

● नारायण शर्मा 'विपिन'

माघे संक्रान्तिको दिन। थारू समुदायमा माघीको रमझम छ। देवघाटमा हिजैदेखि मेला लागेको छ। नारायणीमा मकर स्नानको आफ्नै महत्व छ, आस्था राख्नेहरूका लागि। नारायणीकै किनारमा चितवन महोत्सव धुमधाम रूपमा चलिरहेको छ। एकै दिन पचपन्न हजारले अवलोकन गरेको समाचार आइरहेको छ। तरूल, घ्यू, चाकु र विभिन्न परिकार प्रायः सबैतिर पाकेका छन्। चाडवाडको आफ्नै परिवेश हुन्छ र रौनक पनि। आँगनमा साक्षी प्रासना लगायत भुराहरूको आफ्नै संसार निर्माण भइरहेको छ। वल्लो र पल्लो घरका गरेर ८/१० जना भुराहरू जम्मा भएर खेलिरहेका छन्। कोही आमा बनेका छन्, कोही छोराछोरी। खेलमै पनि कति मातृत्व र भ्रातृत्व देखाउँछन् यी निष्कपट मनहरू। अझ प्रशिद्धीले त मलाई नै छोरा बनाएर आफै आमा बन्छे। कति धेरै विषय उठाउँछन् हल गर्छन्, आश्चर्यमा पर्छन, हाँस्छन् अनि कुरो नमिलेपछि झगडा गर्छन्। रुन्छन्, मिल्छन् र फेरि हाँस्छन्।


मलाई शिव अधिकारीको आमाको याद आइरहेको थियो। सहिदसम्बन्धी प्रकाशनलाई पूर्णता दिन पनि आमालाई भेट्नु पर्ने हुन्थ्यो। यी चारपाँच दिनभित्र मैले गरिसक्नु पर्ने धेरै काम छन्। त्यही बीचमा क्यान्सरले थलिएर श्याम दाइ पनि चितवन आइपुग्नु भएको छ। केही समय त श्याम दाइका लागि पनि जोहो गर्नु नै छ। सबै तारतम्य मिलाइसकेपछि पनि पहल लिएर काम गर्ने मानिसको श्याम दाइको परिवारमा अभावै रहेछ जस्तो लाग्यो।

सङ्क्रान्तीको दिन। चिसो हावाको सिरेटोले जीऊ नै सिरिङ्ग हुने गरी हानिराखेको छ। म भटभटे लिएर मंगलपुर बाबुराम प्यासी दाइको घरमा पुगें। हामीले सल्लाह गऱ्यौं र मंगलपुरका सबै सहिद परिवारको घरमा सम्भव भएसम्म पुग्ने योजना बनायौँ। गोपाल चोकमा रहेको क. शिवहरि र रामकृष्ण तिम्सेना दाजुभाइको स्मृतिमा निर्मित शिवराम स्मारकमा पुग्यौँ। हुरीको मावलीमा भेटघाट गरेर हामी शिव अधिकारीको घरमा पुग्यौँ। पछिल्लो चोटी जाँदा आमाले अब फेरि फर्केर आउने हैन होला भनेको करीब डेढ वर्षपछि मात्र बाबुराम दाइसँग म त्यो आँगनमा पुगें। संयोग क. शिव अधिकारीको बुवा र भाइ पनि घरमै हुनुहुँदो रहेछ। हामीले सामान्य भलाकुसारीपछि आफूहरू आउनुको प्रयोजन बतायौँ।

करिब १६ वर्षअघिको त्यो घटना, आमाले बताउन थाल्नुभयो। हामी भने कहिले भूइँमा हेऱ्यौं, कहिले आकाशमा, कुराकानी चलुञ्जेल हामीले सोझै आमाको अनुहारमा हेर्न सकेनौँ।

'बिहे गर भनेका थियौँ, बाबु मान्दै मानेन।' २०५९ कार्तिक २५ को घटना सम्झँदै आमाले भन्नु भयो। त्यो दिन बेलुका गाउँकै केही साथीहरू भेट्न आइतेसँगै (सहिद आइतराम दराई) गएको थियो। फर्केर आउने बेलामा ८/९ वटा साइकलमा आएका सेनाले शिव र आइतेलाई घेरा हालेछन्। उनीहरू १६ जना थिए अरे। हामी घरमै टि.भि.मा प्रहरी कार्यक्रम हेरेर बसिरहेका थियौँ। कसैले दुगुर्दै आएर शिवलाई माओवादीले जबर्जस्ती लिएर जाँदैछन् भने। म दौडिँदै श्रृजनशील चोक पुगें। पल्लो चोकमा कार्यक्रम छ, कार्यक्रम सकेर पठाइदिन्छौं भने। के को माओवादी हुन्थे र सेनाका मान्छे रहेछन्। मैले रोक्न खोजें, मलाई नै घचेटेर लडाइदिए, आँखाभरि टिल्पिल आँशु पारेर आमा भनिरहनु भएको थियो। आँशु न झर्न सक्थ्यो' न त रोकिन नै। बुबालाई हेरैं उज्यालो हराएको घाम जस्तो अनुहार।

'त्यस्तै साढे सात बजेको थियो होला। शिव र आइतेलाई लिएर कहाँ गए थाह पाएनौँ। भोलिपल्ट बिहान मात्र थाहा पायौँ। गुञ्जनगरको घोलमा लगेर गोली हानी हत्या गरेछ। तिलको दाना राख्ने ठाउँ पनि खाली थिएन शरीरमा। पछाडिबाट गोली हानी मारेका रहेछन् बाबु !' कत्ति बिचलित हुन्छ मन। आफ्नै छोराको हत्याको प्रसङ्ग कुरा गर्ने आमाको हालत के भयो होला ? आफ्नै मुटु निकालेर सिलौटोमा पिस्दा पनि यत्तिको दुख्छ होला र ? बुबा मूर्तिवत बसिरहनु भएको थियो। 'आइतेको त छाती पनि दुई फ्याक पर्ने गरी चिरेका रहेछन्।' मेरो हात-खुट्टा, टाउको सबै सिरिङ्ग भयो। 'शब बुझ्न पनि दिएनन्। उनीहरूले नै लगे, हामीलाई प्रशासनमा भएको एकजना दाइले सहयोग गर्नु भयो।



लिने ठाउँ उनीहरूको घर। शिव क्याम्पस भर्ना भएदेखि नै अखिल क्रान्तिकारीमा संगठित हुनुभयो। '२०५६ तिर क्याम्पस पढ्दापढ्दै घर छोडेर हिँडेको हो, खै के के पदमा थियो थाह भएन।' आमाले उहाँको बाल्यकाल र पढाइबारे सामान्य जानकारी गराउनुभयो।

'२०५८ तिर घर आएर बसेको थियो। पार्टीको योजनामा हो कि, छुट्टि लिएर आएको थाह भएन। गाउँमै लुकिलुकी पार्टीको काम पनि गर्थ्यो। जिल्ला प्रहरी कार्यालयको पछाडि पोलिटेक्निकमा सीएमूए भर्ना भएर पढ्दै थियो, ३ महिना नपुग्दै यस्तो भयो। उसको शहादतपछि पार्टीले निकालेको पर्चा हेरेर पो थाह भयो ऊ पार्टीको इलाका सदस्य रहेछ भनेर।' बुबाले त्यतिबेलाको प्रसङ्ग सम्झनु भयो। गाउँमै त्यतिबेलाका स्थानीय माओवादी कार्यकर्ताहरू बालकृष्ण सुवेदी, विजय बराल, राजन न्यूरे (हाल जापान) को संगत थियो। उनका छिमेकी आइतराम दराई सहादतको बेला पनि जनमुक्ति सेनामा कार्यरत हुनुहुन्थ्यो। शरीरभरि घाउ आएर उपचारको लागि घर बिदामा आएको बेला केही कार्यक्रमको तयारीको गर्न क. शिव र क. आइतराम गाउँका साथीहरूसँग सल्लाह गरेर फर्कने क्रममा ढड्डाघारीकै श्रृजनशील चोकमा शाही सेनाको घेरामा पर्नु भयो। गिरफ्तार गरेको ठाउँबाट करिब ९/१० किलोमिटर पर लगेर गुञ्जनगरमा उनीहरूको हत्या गरियो। त्यस दिनको घटनालाई सम्झँदै गुञ्जनगरकी स्थानीय माओवादी 'आमा' कृष्णकुमारी मुडभरी भन्नुहुन्छ- 'ड्याङ, ड्याङ एकोहोरो गोली चलेको सुन्यौँ। भोलिपल्ट बिहान बुझ्दा विष्णु ढकालको घर पछाडिको घोलमा गोली चलाएको रहेछ।'

तत्कालीन स्थानीय माओवादी नेता नारायण दवाडीका अनुसार शिव र आइतराम दराई दुबै जना मिल्ने साथी भएको सम्झना गर्नु हुन्छ। उनीहरूको राजनैतिक पृष्ठभूमि लगभग उस्तै हो। दुबैले २०५७ को अन्तिममा चितवनको काउलेमा भएको छापामार स्क्वाडको दोस्रो तालिममा सहभागी थिए, नारायण दवाडी इतिहास सम्झनुहुन्छ।



दुई दिनपछि कार्तिक २७ का दिन देवघाटमा जेनतेन दाहसंस्कार गरियो। हामी दुई परिवारबाट ४ जना भन्दा बढीलाई घाटमा जान अनुमति थिएन। अरू जम्मै पुलिस थिए' सेनाले हत्या गरे पनि सेन्ट्री चाही पुलिस राखेको थियो। दाहसंस्कार त के गर्नु र बाबु आगोसम्म दिन पाइयो।' चुपचाप बसेका बुबाले मुख खोल्नुभयो। बिहे गर्ने उमेरको छोरा देश र जनता भन्दै त्यस्तो भयो, हामी नभए पनि पार्टी छ नि भन्थ्यो, अहिले त पार्टी खोज्न पनि कहाँ जानु ? 'हाम्रा शिवहरूभन्दा एक दिन अघि पनि चन्द्रनगरतिर दुई जनाको हत्या गरेका थिए।' बुबाले सायद मंगलपुरकै शम्भु परियारहरूको हत्याको कुरा गर्नुभएको थियो।

कुराकानीकै क्रममा पार्टी विभाजन र एकताका प्रसङ्ग पनि निस्के। हामीले भन्यौँ लाशैलाशको चाङमा खडा भएको माओवादी आन्दोलन केही मान्छेहरू एमालेमा विलय हुँदैमा सिद्धिँदैन, हामी आगो जोरिरहेका छौँ। तिनको लुट र हत्याको दरबारमा आगो लाउने दिन पनि आउँछ।

शहीद कमरेड शिव अधिकारी, विष्णुमाया अधिकारी र रामजी अधिकारीका ४ छोराछोरीमध्ये जेठो छोरा हुनुहुन्थ्यो। मंगलपुर ६ ढड्डाघारीमा २०३८ भाद्र ३ गते जन्मनु भएका शिवले कक्षा ३ सम्म ढड्डाघारी स्कुलबाट कक्षा ३ सम्म, कक्षा ४-५ उषा बोर्डिङ्ग, फेरि कक्षा ६-८ ढड्डाघारी स्कुलबाटै अध्ययन गर्नु भएको थियो। २०५४ मा विश्वप्रकाश मा.वि.बाट एसएलसी उत्तीर्ण गर्नुभएका शिव अंग्रेजी विषय लिएर सप्तगण्डकी क्याम्पसमा भर्ना हुनु भयो। गाउँमै स्थानीय माओवादी कार्यकर्ता नारायण दवाडीको प्रभाव परेको थियो। त्यस भेगकी माओवादी नेता, जनकलाकार शारदा श्रेष्ठ र माडीका दण्डपाणि पौडेल 'हिक्मत' ले आश्रय

कति क्रुर हुन्छ, ती जल्लादहरूको मन। नाटकीय गिरफ्तारी, झुट्टा मुद्दा र मुठभेड तिनका विरूद्ध प्रतिरोधका स्वरहरू सबै सबै दिमागमा एकैचोटी घुमे।

हाम्रो कुराकानीमा कमै मात्र सहभागी हुनुभएको बुबा रामजी अधिकारीले पछि मुख खोल्नुभयो, हालसम्म पनि हाम्रा छोराहरूले सहिदको दर्जा पाएनन्। अहिले पनि उसको चिनारी द्वन्द्वमा ज्यान गुमाउने छ र हामी द्वन्द्वपीडित। खै त हाम्रो चिनारी ? खै बलिदानको सम्मान ? शिवको भाइ फरेष्ट्री पढ्दै छ, तर उसले सहिद परिवारको कोटा पाएन। तपाईंहरू विचार, सिद्धान्त भन्नु हुन्छ, यदि विचारको कुरा हो भने, हिजो बादल, देव गुरुङ किन फुटे ? फेरि किन मिसिन गए ? सबै कुर्सीको कुरा रहेछ। आफ्नो सरल बुझाइ र आक्रोशपूर्ण पीडासँगै एकैपटक कुरा राख्नु भयो बुबाले। हत्याको करिब ३ महिनापछि घटना स्थलमा स्थानीय रूपासँगै पुग्नु भएकी आमाले आँसुले भरिएको आँखाको बाँध फुट्लाफुट्ला जस्तो गरी भन्नुभयो- 'म तीन महिनापछि पुग्दा पनि उनीहरूलाई पहिला ढालेको ठाउँमा मरेको घाँस उम्रिन सकेका थिएन। रगतले त पोल्छ नि बाबु !'

घ्यूमा उसिनेको सखरखण्ड पनि खल्लो लाग्यो। तल बगिरहेकी नारायणी छ, हेर्दा कति शान्त, निश्चल र सुन्दर छ, तर भित्रभित्रै कति तुफान छ नारायणीमा। नारायणी जस्तै शिव अधिकारीकी आमा पनि बाहिर जति शान्त र कोमल देखिनु हुन्छ, तर मनभित्र कति धेरै ज्वालामुखी फुटिरहेको छ। नारायणीमा त वर्षमा एक पटक बाढी आउँछ, तर आमाको त्यो मनमा हरेक पल आँधीतुफान चलिरहन्छ।

कविताहरू

## देशको सीमा खोज्दा



● धनेश्वर पोख्रेल

यो देशको सरकार कस्को सोध्नु पर्ने भयो
हराएका सीमाहरू खोज्नुपर्ने भयो
घुम्यौ हामी अभियानमा मेचीमहाकाली
अनुगमन गऱ्यौं हामी सीमा वारिपारि
थेन कतै जङ्गे पिलर खै त कता गयो
हराएका सीमाहरू खोज्नुपर्ने भयो
यो देशको सरकार कस्को सोध्नुपर्ने भयो
हराएका हाम्रा सीमा खोज्नुपर्ने भयो
यो देशको सरकारले आँखा देखेन कि
जनताहरू कराएको कान सुनेन कि
मालिक सामु बोल्न उस्को मुखै खुलेन कि
देशको सीमा लुटिएको थाहै पाएन कि
यो देशको सरकार कस्को सोध्नु पर्ने भयो
हराएका सीमाहरू खोज्नै पर्ने भयो।

## मार्टिन निमोलर

जर्मनीमा नाजीहरू
सबैभन्दा पहिले
कम्युनिष्टहरूलाई लिन आए
त्यतीखेर
मैले केही बोलिन,
किनकी म कम्युनिष्ट थिइन।
त्यसपछि

उनीहरू यहुदीलाई लिन आए,
त्यतीखेर पनि म केही बोलिन, किनकी म
यहुदी थिइन।
त्यसपछि

उनीहरू मजदुर
सगंठनको लागि आए,
त्यतीखेर पनि म केही बोलिन,
किनकी म मजदुर कार्यकर्ता थिइन।
त्यसपछि

उनिहरू क्याथोलिकलाई लिन
आए
र पनि म केही बोलिन,
किनकी

म प्रोटेस्टेन्ट थिए।
त्यसपछि त
उनीहरू मलाईनै लिन आए,
त्यतिखेरसम्ममा
कोहीपनि बाकीँ थिएनन्
जसले कसैकोलागि बोल्न सक्छ।
- पादरी मार्टिन निमोलर (१८९२ - १९८४)

### भारतीय

एसएसबीको टोलीले कार्यक्रममा हस्तक्षेप गर्न खोजेपछि अभियान टोलीले कडा प्रतिवाद गरेको थियो। अभियान टोली गएको जिप घुमाउँदा भारतीय भूमि टेकेको भन्दै एसएसबीले आधा घण्टासम्म जिपको चाबी नियन्त्रणमा लिएको थियो। अभियान टोलीले एसएसबीको उक्त हर्कतको कडा प्रतिवाद गरेपछि आधा घण्टापछि चाबी फिर्ता दिइएको थियो। भारतीय सीमा सुरक्षावलको यो हर्कतको मोर्चाले कडा शब्दमा निन्दा एवम् भर्त्सना समेत गरेको छ।

नेपाल पत्रकार महासंघ कपिलवस्तुका अध्यक्षसहितका पत्रकारहरूको टोली समेत उपस्थित रहेको कार्यक्रममा भारतीय सीमा सुरक्षा बलले हस्तक्षेप प्रयास गरेको अभियान टोलीमा सहभागी नेकपा (क्रान्तिकारी माओवादी)का केस हिरामणि दुःखीले बताए। सीमामा एकतर्फी रूपमा भारतले बनाएको महलीसागर बाँध र पक्की सडकका कारण नेपाली भूमि डुबानमा पर्दै आएको र बर्षेनी नेपालीहरू आफ्नै थातथलोबाट विस्थापित हुनपर्ने समस्या जटिल बनेको दुःखीले बताए। भारतले गरेको सीमा अतिक्रमण, एकतर्फी रूपमा बाँधिएको बाँध र निर्माण गरिएको पक्की सडकको विरोध स्वरूप सिमानामा कार्यक्रम गरिएको उनले बताए।

मोर्चाले अभियानको क्रममा भारतद्वारा अतिक्रमित भूमिको निरीक्षण तथा अवलोकन, स्थानीय जनताहरूसँग अन्तर्क्रिया कार्यक्रम तथा विरोध सभाहरू सञ्चालन गर्दै आएको छ। सोही योजना अनुसार आज थापा नेतृत्वको अभियान टोली उक्त क्षेत्रको अनुगमन तथा निरीक्षणका लागि पत्रकारसहित त्यहाँ पुगेको थियो।

## नेपाली क्रान्तिकारी...

ब्यापक किसान जनसमूह हुन् । यस अर्थमा तिनीहरू गाउँले इलाकाका अर्थसर्वहारा, नेपाली क्रान्तिको सबैभन्दा विसाल संख्या भएको प्रेरक शक्ति, सर्वहारा वर्गको स्वभाविक र भरपर्दो सहयोगी तथा नेपाली क्रान्तिकारी शक्तिहरूको मुख्य डफ्फा हुन् । गरीब तथा मध्यम किसानहरूले सर्वहारा वर्गको नेतृत्वमा मात्र आफ्नो मुक्ति हासिल गर्न सक्छन् र गरीब तथा मध्यम किसानसँग दरिलो साइनो गाँसेर मात्रै सर्वहारा वर्गले क्रान्तिलाई विजय तर्फ डोऱ्याउन सक्छ ।

नेपालको सर्वहारा वर्गमा आधुनिक औद्योगिक मजदुरहरूको संख्या भन्दै ५ लाख जति छ । शहरका साना उद्योग धन्दा र कारखानामा काम गर्ने मजदुरहरू, होटल, पसलका सहायकहरू, सेक्युरिटी, यातायात मजदूरहरू र अन्य निर्माण मजदुरहरू समेत गरेर कूल संख्या ३६ लाख जति छ, तराइ र गाउँहरूको विशाल संख्यामा अर्धसर्वहाराहरू (खेत मजदुरहरू) छन् ।

विश्वका अरु देशहरूमा बिरलै पाइने खालको बरबर र क्रुरु र किसिमको चारौं तहको उत्पीडन साम्राज्यवाद, विस्तारवाद, अर्ध सामन्तवाद र दलाल पुँजीवादको सिकार भएको हुनाले नेपाली सर्वहारा वर्ग अरु कुनै पनि वर्ग भन्दा बढी दृढतासाथ र पूर्णतया क्रान्तिकारी संघर्षमा डट्छ । दलाल नोकरशाही पुँजीवाद तथा अर्ध-सामन्तवाद, अर्ध-औपनिवेशिक नेपालमा, विकसित मुलुकहरूमा जस्तो सामाजिक सुधारवादको कुनै पनि आर्थिक आधार नभएको र नेपालको कम्युनिष्ट आन्दोलनमा देखिने गरी चल्ने हावाहुरीको भ्रममा यसमध्ये केही मजदुरद्रोही बाहेक सिङ्गो सर्वहारा वर्ग औधि क्रान्तिकारी छ ।

नेपाली सर्वहारा वर्गको जन्म मुख्यतया टाट् पल्टेका किसानहरूबाट भएकोले किसान समुदायसँग यसको स्वाभाविक सम्बन्ध छ, जस्ले गर्दा, किसान जनसमूहसँग घनिष्ट मितेरी गाँस्न यसलाई सजिलो पर्छ ।

नेपालका सर्वहाराहरू क्रान्तिकारी मैदानमा उत्रेदेखि नै क्रान्तिकारी पार्टी नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा रहिआएको छ र नेपाली समाजको राजनैतिक दृष्टिले सबभन्दा सजग बन्न पुग्यो । नेपाली सर्बहारा वर्ग नेपाली क्रान्तिको आधारभूत प्रेरक शक्ति हो । सर्वहारा वर्गको नेतृत्व बिना नेपाली क्रान्ति सफल हुन असम्भव छ । विगत कालमा भएको क्रान्तिको उदाहरण लिऔं । २००७ सालको क्रान्ति विफल हुनुको कारण के थियो भने सर्वहारा वर्गले त्यसमा भाग लिएको थिएन । त्यस बखत भरखर मात्र नेपाल कम्युनिष्ट पार्टीको उदय् भएको थियो । त्यसपछिको क्रान्तिहरूमा पनि सर्वहारावर्गको नेतृत्व र जागरुक सहभागिता थिएन । नजिकको उदाहरण लिने हो भने ०५२-०६२ सालतिरको दश वर्षिय महान जनयुद्धले केही कालसम्म महान् सफलता हासिल गऱ्यो, किनभने सर्वहारा वर्गले जागरुकतासाथ त्यसमा भाग लिएको र नेतृत्व गरेको थियो । तर यसै बिच त्यसको सुप्रिम कमाण्डर तथा प्रमुख नेतृत्व प्रचण्डको गद्दारीले गर्दा सफलताको चुचुरो चुम्दाचुम्दै पछिल्तिर धकेल्न पुग्यो ।

नेपाली सर्वहारा वर्गले अत्यन्तै महत्वकासाथ बुझ्नु पर्ने कुरो भनेको यो उच्चतम् राजनैतिक चेतना र संगठनको उच्चतम् भावना भएको वर्ग भएता पनि यसले आफ्नै मात्र बलले विजय प्राप्त गर्न सक्नेछैन । विजय प्राप्त गर्नको निम्ति यसले विभिन्न परिस्थिति अनुसार क्रान्तिमा भाग लिनसक्ने सबै वर्ग र तप्काहरूसँग एकतावद्ध हुनैपर्छ र क्रान्तिकारी संयुक्त मोर्चा गठन गरेर अगाडि बढ्नु पर्छ ।

नेपालको नयाँ जनवादी क्रान्तिमा सर्वहारा वर्ग, किसान समुदाय र निम्न पुँजीपति वर्गका अरु भागहरूको शक्तिलाई संघर्षको निम्ति पङ्तिवद्ध गर्ने कुरामा वा राज्यसत्ता गठन गर्ने काममा उपेक्षा गर्न सकिंदैन । यी वर्गहरूलाई अवहेलना गर्न खोज्ने जोसुकै पनि नेपाल राष्ट्रको समस्या हल गर्न वा वास्तवमा नेपालको कुनै पनि समस्या हल गर्न अवश्यै असमर्थ हुनेछ । नेपालको नयाँ जनवादी क्रान्ति पूर्णतया टुङ्गोमा पुऱ्याउनुको सँगसँगै हामीले नेपालमा त्यस्तो जनगणतन्त्रको स्थापना गर्नुपर्छ जसमा मजदूर, किसान र निम्न पुँजीपति वर्गका अरु भागहरू सबैले निश्चित स्थान योगदान र निश्चित भूमिका खेल्न सकून् । अर्को शब्दमा, यो मजदूर, किसान, सहरिया निम्न पुँजीपति वर्ग र साम्राज्यवाद, विस्तारवाद, दलाल नोकरशाही पुँजीपति वर्ग र अर्धसामन्तवादविरोधी अरु सबै मानिसहरूको क्रान्तिकारी एकतामा आधारित एउटा जनवादी गणतन्त्र हुनुपर्छ । सर्वहारा वर्गको नेतृत्वमा मात्र यस्तो गणतन्त्रलाई साकार पार्न सकिने छ ।

## द्वन्द्वात्मक...

अनुभवमाथि आधारित हुनुपर्दछ । व्यवहार तथा नयाँ अनुभवको प्रकाशमा तिनीहरूलाई निरन्तर खारिरहनु र फेरि पनि खारिनु आवश्यक हुन्छ । वास्तवमा द्वन्द्वात्मक भौतिकवादको अर्थ हो, वस्तुहरूलाई ती जस्ता छन् त्यस्तै रूपमा बुझ्नु भौतिकवाद हो भने वस्तुहरूलाई उनीहरूका वास्तविक अन्तरसम्बन्ध र तिनीहरूको गतिशीलताको रूपमा बुझ्नु द्वन्द्ववाद हो । यस्तो कुरा दुनियाँका अरू दर्शनहरूको बारेमा भन्न सकिन्छ । ती सबैले एक वा अन्य प्रकारका मनोगत पूर्वाग्रहहरू बनाउँछन् तथा ती पूर्वाग्रहको आधारमा एउटा प्रणाली निर्माण गर्ने गर्दछन् ।

मार्क्सवादको वैज्ञानिक स्वरूप विशेष गरेर त्यसको समाजवादलाई विज्ञानमा बदलिदिने कुरामा अभिव्यक्त हुन्छ । समाजवादीहरूले कल्पना गरेझैं मार्क्सवादीहरूले आफ्नो समाजवादको आधार एउटा आदर्श समाजको लागि योजना बनाउँछन् । तर उनीहरूले समाजवाद व्यवहारमा कसरी हासिल गर्न सकिन्छ भन्ने कुरा देखाउन सक्तैनन् । मार्क्सवादले इतिहासको वास्तविकता, गतिशीलता, विशेषतः पुँजीवादी समाजका आर्थिक नियमको गतिको विश्लेषणलाई आधार बनाएर समाजवादलाई विज्ञान बनाइदियो र यो समाजवाद समाजको क्रमिक विकासमा कसरी एउटा आवश्यक अग्रगामी चरणको रूपमा उदित हुन्छ तथा कसरी त्यो खाली मजदुर वर्गको संघर्षद्वारा पुँजीपति वर्गको पराजय र सर्वहारा अधिनायकत्वको स्थापनाद्वारा कायम गर्न सकिन्छ भन्ने कुरा प्रदर्शित गऱ्यो । यसरी मार्क्सवाद स्वयम् मानव समाजको इतिहासको निर्माणमा वैज्ञानिक तरिकाले प्रस्तुत हुन्छ । यस विषयमा फ्रेडरिक एंगेल्सले लेख्नुभएको छ- ‘समाजवाद जहिलेदेखि विज्ञान बन्न पुग्यो, त्यतिखेरदेखि नै त्यसले विज्ञानको जरूरी अनुमान गरिन्छ, त्यसरी नै उसको अनुमान गरियोस् अर्थात् त्यसको अध्ययन विज्ञानको झैं गरियोस् भन्ने माग गर्दै आएको छ । हाम्रो कार्य के हुनेछ भने त्यसरी बढेको उत्साहका साथ श्रमजीवी जनसमुदायबीच संगठन फैलाएर पार्टी र ट्रेड यूनियन दुवैका संगठनहरूलाई अझ बढी दृढताका साथ निर्माण गर्नु ।’

समाजको वैज्ञानिक अध्ययनबाट के सिद्ध हुन्छ भने मानव इतिहास चरण-चरणमा निश्चित नियमअनुसार विकसित हुन्छ । मानिस स्वयं यस विकासमा मुख्य शक्ति हो । त्यसकारण समाज विकासका नियमलाई बुझेर मार्क्सवादीले स्वयं आफ्नो संघर्षको बाटो पहिल्याउन सक्नुपर्दछ र स्वयं आफ्नो समाजवादी भविष्यको निर्माण गर्न सक्नुपर्दछ । यिनै वस्तुगत कारणहरूले वैज्ञानिक समाजवाद विज्ञानमध्ये सबैभन्दा महान् र सबैभन्दा महत्वपूर्ण छ ।

समाजको वैज्ञानिक अध्ययनबाट के सिद्ध हुन्छ भने मानव इतिहास चरण चरणमा निश्चित नियमअनुसार विकसित हुन्छ । मानिस स्वयम् यस विकासमा मुख्य शक्ति हो । त्यसकारण समाज विकासका नियमलाई बुझेर मार्क्सवादीहरूले स्वयं आफ्नो संघर्षको बाटो पहिल्याउन सक्नुपर्दछ र स्वयम् आफ्नो समाजवादी भविष्यको निर्माण गर्न सक्नुपर्दछ । यिनै वस्तुगत कारणहरूले वैज्ञानिक समाजवाद विज्ञानमध्ये सबैभन्दा महान् र सबैभन्दा महत्वपूर्ण छ ।

मार्क्सवादी-लेनिनवादीले विज्ञानका खोजलाई मानव जातिको हितको लागि समुचित उपयोग गर्न कसरी सुनिश्चित गर्न सक्दछन् ? खाली वैज्ञानिक समाजवाद-मार्क्सवाद-लेनिनवादले मात्रै यस प्रश्नको उत्तर दिन्छ कि यसले मार्क्सवाद-लेनिनवादीलाई इतिहासको निर्माण गर्ने शक्ति कुन हुन् भन्ने कुरा सिकाउँछ तथा यसरी उनीहरूलाई अहिले उनीहरूले स्वयम् कसरी आफ्नो इतिहास बनाउन सक्छन्, समाजलाई कसरी बदल्न सकिन्छ, उनीहरूको भविष्य स्वयम् कसरी निर्धारण गर्न सक्छन् भन्ने कुरा बताउन सक्छ । त्यसकारण यसले विज्ञानलाई मानव जातिको सेवामा कसरी विकसित गर्न सकिन्छ भन्ने कुरा मार्क्सवादी-लेनिनवादीलाई सिकाउँछ ।

भौतिक विज्ञानले परमाणु शक्ति कसरी निकाल्न सकिन्छ भन्ने कुरा मार्क्सवादीलाई सिकाउँछ, तर त्यसले त्यो शक्तिलाई सामाजिक उपयोगका लागि कसरी नियन्त्रित गर्ने हो भन्ने कुरा उनीहरूलाई सिकाउन्न । त्यसको लागि जुन चीजको आवश्यकता छ, त्यो परमाणु विज्ञान होइन, बरू समाज विज्ञान हो ।

कुनै पनि अर्थमा द्वन्द्वात्मक भौतिकवाद विज्ञाभन्दा माथिको दर्शन होइन । यस विषयमा फ्रेडरिक एंगेल्सले लेख्नु भएको छ- ‘आधुनिक भौतिकवादलाई विज्ञानभन्दा माथि खडा हुने कुनै दर्शनको आवश्यकता छैन । जहाँ विज्ञान हरेक बेग्लै शाखाको लागि वस्तुहरूको महान् समष्टिगत रूपमा हाम्रो बुझाइमा आफ्नो स्थितिलाई स्पष्ट पार्नु आवश्यक हुन्छ यो समग्रसित सम्बन्धित एउटा विशेष विज्ञान आवश्यक हुनजान्छ ।’ ड्यूहरिङ मतखण्डन/एंगेल्सले पुनः अगाडि लेख्नुहुन्छ- ‘द्वन्द्वात्मक भौतिकवाद वास्तवमा अब एउटा दर्शनमात्र रहेन, अपितु विश्वको दृष्टिकोण बन्न गएको छ, जसलाई आफ्नो वैधता स्थापित गर्नु छ तथा बेग्लाबेग्लै खडा भएका विज्ञानहरूको विज्ञानमा लागु गरिदैन, बरू सकारात्मक विज्ञानभित्र लागु गरिन्छ । त्यसकारण दर्शनको उन्मूलन र संरक्षण दुबै गरिन्छ । उन्मूलन त्यसको रूप र संरक्षण त्यसको विषय हो’- ड्यूहरिङ मतखण्डन ।

## चाणक्य नीति...

र कानूनहरू मरेको मूर्दा जस्तै भएका छन् । कहिँ कतै पनि आत्मा भेटिँदैन ।

फेरि पनि चाणक्यकै प्रसंगलाई जोडौं । चाणक्य भन्नुहुन्थ्यो, सुशासन कायम गर्न सक्ने व्यक्ति मात्र सफल लिडर मानिन्छ । जसले आफ्नो क्षेत्रमा सुशासन कायम गर्न सक्दैन त्यस्ता व्यक्तिहरू आफ्नो पदमा बसिरहनुको कुनै औचित्य हुँदैन । चाणक्य भन्नुहुन्छ- सुशासन कायम गर्न नसक्ने व्यक्ति जनताको नजरमा गिरेका हुन्छन् र उनिहरू सँधै तिरस्कारको पात्र हुन्छन् । चाणक्य आफ्नो अर्थशास्त्रमा पनि लेख्नुहुन्छ- एउटा नेतृत्वले सुशासन कायम गर्नको लागि भ्रष्टाचार गर्नेलाई कडाभन्दा कडा कार्वाही गर्ने, आफ्नै समर्थक भएपनि उसका गतिविधिलाई निरन्तर निगरानी गर्ने, आफ्ना आलोचक भएपनि यदि नैतिकवान र अनुशासित छ भने त्यस्ता व्यक्तिलाई जिम्मेवारी दिने र जनताका गुनासा र सुझावहरूलाई धैर्यताका साथ सुन्ने र समयमै लागू गर्न सक्ने हुनुपर्दछ । अन्त्यमा, यो देशको सवै क्षेत्रका नेतृत्वकर्तामा विकास र समृद्धिको हुटहुटी, अनुशासन, व्यवहारमा सादगीपन, नैतिक चरित्र र देशभक्तिको भावना भएमा मात्र सुशासन कायम गर्न प्रतिवद्ध भएको बुझ्न सकिन्छ ।

## मेची–महाकाली...

थापाले सम्बोधन गरेका थिए । त्यसपछि ताराताल, गुलरियामा कोणसभा सम्पन्न गरियो । ११ गते बाँकेको सिमलघारीमा जनसभा सम्पन्न गरियो । देजमोका बाँके अध्यक्ष सुरेश ओलीले सञ्चालन गरेको जनसभाको अध्यक्षता पार्टी केस भुपेन्द्र न्यौपानेले गरेका थिए भने बाँकेका पार्टी सचिव तेजविक्रम शाहीले स्वागत गरेका थिए । सभालाई नेता परि थापा, हिरामणि दुःखी र धनेश्वर पोखरेलले सम्बोधन गरेका थिए । त्यसपछि बाँकेको खजुरा, धम्बोजी, कोहलपुरमा कोणसभा सम्पन्न गरियो । यी सबै कोणसभालाई नेता थापा लगायतका नेताहरूले सम्बोधन गरेका थिए भने कोहलपुरको कोणसभाको सञ्चालन कञ्चनपुरका पार्टी सचिव हरि सुवेदीले गरेका थिए । यो अभियान टोली १३ गते कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिएको जनसभालाई सम्बोधन गर्न पुग्यो । सुर्खेतमा नारा जुलुससहित सभा सम्पन्न गरिएको थियो । सभालाई नेता थापा, पार्टी स्थायी समिति सदस्य राजवीर, पार्टी केसहरू कृष्ण गुरुङ, हिरामणि दुःखी, धनेश्वर पोखरेल, भुपेन्द्र न्यौपाने, दिपक शाही लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

सुर्खेतको जनसभा सकेर फर्केको अभियान टोलीले १४ गते राप्तीपारी नरेनापुरमा कोणसभा सम्पन्न गऱ्यो । यहाँको कोणसभाको सञ्चालन बाँके सचिव तेजविक्रम शाहीले गरेका थिए भने अध्यक्षता नक्कु गेडियाले गरेका थिए । नेता थापा र महिसपाल मौरेले सम्बोधन गरेका थिए । त्यसपछि वैदापुरमा भएको कोणसभाको सञ्चालन मोर्चाका बाँके संयोजक सुरेश ओलीले गरेका थिए भने सभालाई सम्बोधन नेता थापाले गरेका थिए ।

१५ गते विहान नाराजुलुससहित दाङको तुलसीपुरको विपी चोकमा कोणसभा सम्पन्न गरियो । इश्वरीप्रसाद गैरेले सञ्चालन गरेको कोणसभालाई हिरामणि दुःखी र परि थापाले सम्बोधन गरेका थिए । त्यसपछि तुलसीपुर चोकको कोणसभाको सञ्चालन देजमो दाङका अध्यक्ष नरेन्द्र बन्जाडेले गरेका थिए भने मोर्चाका केन्द्रीय सचिव थपा, पार्टी केस पोखरेल र मोर्चाका केस वाइवी शाहले सम्बोधन गरेका थिए । यहाँको कार्यक्रममा प्रमाणपत्र र केही नगदसहित ३४ जना सहिद परिवारलाई अभिनन्दन समेत गरिएको थियो । लमहीमा भएको कोणसभाको सञ्चालन मोर्चाका जिल्ला उपाध्यक्ष निमबहादुर जिएमले गरेका थिए भने स्वागत पार्टी सचिव रामजी चौधरीले गरेका थिए भने सम्बोधन मोर्चाका सचिवालय सदस्य तथा ५ नं. प्रदेश सचिव केवी गुरुङले गरेका थिए ।

१६ गते कपिलवस्तुको नारा जुलुससहित कपिलवस्तुको चन्द्रौटामा कोणसभा गरियो । यहाँको कोणसभालाई नेता गुरुङ र पार्टी केस समिर केसीले सम्बोधन गरेका थिए । सभाको सञ्चालन पार्टी सचिव आकाशले गरेका थिए । त्यसपछि बहादुरगञ्जमा भएको सभामा विनयकुमारले अवधि र नेता गुरुङले हिन्दी भाषामा सम्बोधन गरेका थिए । कृष्णनगर बजार, बुटनिया, महाराजगञ्ज बजारमा पनि कोणसभा सम्पन्न गरियो । १७ गते यो अभियान टोली जिल्लाको पत्रकार टोलीसहित महलीसागर बाँधको निरीक्षण गर्न गयो । सीमामा नारा, जुलुससहित विरोधसभा सम्पन्न गरियो । भारतीय सीमा सुरक्षा बलले अभियान टोलीको कार्यक्रममाथि हस्तक्षेप गर्न खोजेपछि यहाँ केही बेर तनाव समेत उत्पन्न भएको थियो ।

त्यसपछि तौलिहवा र ४ नं. जितपुरमा कोणसभा सभा सम्पन्न गरी अभियान टोली १७ गते रूपन्देही प्रवेश गऱ्यो ।

रूपन्देहीको कञ्चन गापाको पीपरीचापामा अभियान टोलीलाई गम्छा ओडाएर भव्य स्वागत गरियो । र, त्यहाँ कोणसभा समेत सम्पन्न गरियो । यहाँको कोणसाभामाको सञ्चालन राजु भुजेलले गरेका थिए भने हिरामणि दुःखीले सम्बोधन गरेका थिए । कञ्चन गापाकै गरगरेमा धनेश्वर पोखरेल र हरैयामा नेता थापा, रूपन्देहीका इन्चार्ज समेत रहेका पार्टी केस पिताम्बर आचार्य, हिरामणि दुःखीले सम्बोधन गरे । कार्यक्रमको सञ्चालन राजु भुजेलले गरेका थिए । लुम्बीनीको पर्चा चौराहामा भएको कोणसभालाई नेता दुःखीले सम्बोधन गरे भने सञ्चालन मुजिव अलीले गरे । रामापुर कोलोनीमा भएके कोणसभाको सञ्चालन एरिया सेक्रेटरीले गरे भने सम्बोधन नेता धनेश्वर पोखरले गरे । त्यसपछि गरिएको बुटवलको कोणसभालाई नेता परि थापाले सम्बोधन गरे । बुटबलमा गरिएको पत्रकार भेटघाटको सञ्चालन नेता दुःखीले गरे भने पत्रकारहरूलाई सम्बोधन तथ पत्रकारहरूको प्रश्नको जवाफ नेता थापाले दिए । त्यपछि भैरहवामा पनि पत्रकारकारहरूसँग अभियान टोलीले भेटघाट गऱ्यो । खैरेनीमा भएको कोणसभाको सञ्चालन नेता दुःखीले गरे भने सभालाई सम्बोधन नेता थापा र आचार्यले गरे । रूपन्देहीले अभियान टोलीलाई डायरी र टिका लगाएर विदाइ गऱ्यो । त्यसपछि परासी जिल्लाको असनीयामा कोणसभा सम्पन्न गरियो । यहाँको कोणसभाको सञ्चालन मोर्चाका जिल्ला अध्यक्ष राजु खनालले गरेका थिए भने नेता आचार्यले सम्बोधन गरेका थिए । सुनवल चौराहामा भएको कोणसभाको सञ्चालन पार्टी सचिव छवि खरेलले गरेका थिए भने सम्बोधन नेता दुःखीले गरेका थिए । परासी बजारमा भएको कोणसभाको सञ्चालन विध्यार्थी नेता महेश श्रेष्ठले सञ्चालन गरेका थिए भने सभालाई नेता थापा र मुजिव अलीले सम्बोधन गरेका थिए । आइतबारै अर्थात् १९ गते भमई र बर्दघाटमा समेत कोणसभा सम्पन्न गरिएको छ ।

त्यसैगरी पूर्वको अभियान टोलीले १० फागुनबाट सप्तरीको राजविराज, कल्याणपुर, शिशुवारी हुँदै सिरहाको लहान, सदरमुकाम सिरहा, चोहर्वा, गोलबजार लगायतका क्षेत्रमा कोणसभा तथा जनसभा सम्पन्न गरियो । यी सभाहरूलाई देजमो अध्यक्ष सिपी गजुरेल, पार्टी स्थायी समिति सदस्य हरिभक्त कँडेल, पार्टी पिविएम तथा २ नं. प्रदेश सचिव कृष्णदेव सिंह दनुवार, मोर्चाका सचिवलाय सदस्य तथा २ नं. प्रदेशक संयोजक कमल चौधरी, पार्टी केसहरू महेश यादव, जितेन्द्र सिंह, मोहनसिंह तामाङ, मोर्चाका २ नं. प्रदेश सचिव रामनारायण सिंह लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

अभियानले धनुषाको जनकपुरमा पत्रकार सम्मेलन, महोत्तरीको बर्दिवासमा सभा तथा पत्रकार सम्मेलन, सर्लाहीका विभिन्न स्थानमा कोणसभा तथा जनसभा सञ्चालन गर्दै रौतहटको चपुरमा भव्य जनसभा सम्पन्न गऱ्यो । रौटहटका पत्रकारहरूसँग भेटघाट अन्तर्क्रिया गर्दै अभियान टोलीले बाराको इनरुवाका युवाहरूलाई मोर्चा प्रवेश गरायो । त्यसपछि पर्साको वीरगञ्चमा पत्रकारहरूसँग अन्तर्क्रिया सम्पन्न गरी अभियान टोलीले पर्साका विभिन्न ठाउँमा कोणसभा सम्पन्न गरी आइतबार यो अभियान टोली ३ नं. प्रदेशको मकवानपुर हेटौंडामा आइपुगेको छ । आइतबारै अभियान टोलीलाई भव्य स्वागत गर्दै हेटौडाको बुद्धचोकमा भव्य जनसभा सम्पन्न गरिएको छ ।

मोर्चाका अध्यक्ष सिपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सभाको अध्यक्षता मोर्चाका ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठले गरेका थिए भने सञ्चालन मनकुमार न्यौपानेले गरेका थिए । जनसभामा विशेष अतिथिको रूपमा पार्टी स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल, अतिथिका रूपमा पार्टी पिविएम तथा ३ नं. प्रदेश सचिव दिनेश शर्मा, पार्टी विविएम तथा २ नं. सचिव कृष्णदेव सिंह दनुवार, मोर्चाका २ नं. प्रदेश संयोजक कमल चौधरी, मधेसी राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष विरेन्द्र यादव लगायतका नेताहरूको उपस्थिति रहेको थियो । सभालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले वर्तमान सत्ता, सरकार र संविधानको विकल्पको खोजी गर्ने बेला भइसकेकोले मोर्चा देशव्यापी अभियानमा निस्केको र व्यवस्था परिवर्तनका लागि अब सडक आन्दोलन अपरिहार्य रहेको बताए ।

यता ४ न. प्रदेशले १५ फागुनबाट चलाएको अभियान कास्की, स्याङ्जा, तनहुँ, बाग्लुङ, म्याग्दी, पर्वत, लमजुङ, गोरखा हुँदै नवलपुरमा पुगेर पश्चिमबाट आएको अभियान टोलीसँग सोमबार मिसिदैछ । ती जिल्लाहरूमा भएका कोणसभा तथा जनसभालाई मोर्चाका सचिवालय सदस्य तथा ४ नं. प्रदेशका संयोजक केशबहादुर परियार, पार्टी केसहरू अशोक लम्साल, निलबहादुर पुन, रामजी थापा, नारायण अधिकारीलगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

प्राप्त जानकारी अनुसार यो अभियान टोलीले आइतबार गोरखाको गोरखाबजार सहिद गेट नजिकै सभा सम्पन्न गरेको छ । पार्टी जिल्ला सचिव कृष्ण कट्टेलको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न सभालाई नेता परियार, निलबहादुर पुन र नारायण अधिकारीले सम्बोधन गरेका थिए । त्यसैगरी आइतबारै तनहुँको आँबु खैरेनीमा पनि सभा सम्पन्न गरिएको छ । यहाँको सभालाई पनि नेता केशबहादुर परियार, निलबहादुर पुन लगायतका नेताहरूले सम्बोधन गरेको बुझिएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९१
- ९८१७७१९९७
इन्द्र कट्टेल - ९८१८४५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३१-४२१६४३
पुरुषोत्तम खनाल - ९८६२८३५५६०
- ९८५५०८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

रुद्रताल यातायात प्रा.लि.
ढोरपाटन-१, बुर्तिवाङ, बाग्लुङ
सुमो दिवा सेवा
बुर्तिवाङ, खरवाङ, हतिया, बाग्लुङ, पोखरा हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नं. ९८१०२५१८६३
बुर्तिबाङ सम्पर्क ९८१०२५१८६४
सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१
सेवाहरू
बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुऱ्याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसेकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८४१०१६०४९ ढकाल बाजे
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# चाणक्य नीति, सुशासन र नेतृत्व



● सन्तोष खनाल

ई.पू. ३७१ मा पुरानो भारत वर्षको भगध राज्यमा जन्मेका चाणक्य अर्थशास्त्र, व्यवस्थापन, कुटनीति, राजनीतिशास्त्र र सुशासनका मूर्धन्य विद्वान थिए । उनलाई विष्णुगुप्ता र कौटिल्यको नामले पनि चिनिन्थ्यो । उनको ज्ञान, त्याग, दृढसंकल्प र राष्ट्रवादी छवि हामी सबैको निम्ति प्रेरणाको स्रोत बन्न सक्छ । दुई सहस्राब्दीभन्दा अघि लेखिएका उनका कृतिहरू आज पनि जीवन्त र प्रेरणादायी छन् । जो कोहीले पनि चाणक्यद्वारा लिखित अर्थशास्त्र र नितिशास्त्रको गहिरो अध्ययन गरेमा सुशासन, व्यवस्थापन र नेतृत्वदायी भूमिका कसरी निर्वाह गर्नुपर्छ भन्ने कुराको अमूल्य ज्ञान पाउन सकिन्छ ।

पुरानो युगमा समेत राज्य सञ्चालन गर्दा धेरै महत्वपूर्ण मानिने सुशासन आजको समयमा आएर सबै नेतृत्वदायी भूमिकामा बस्नुभएका माननीय व्यक्तिहरूको मन्त्र नै भएको छ । हरेक पटक भाषण गर्दा हाम्रा नेता, मन्त्री, मुख्यमन्त्री र प्रधानमन्त्रीले यो शब्द भन्न छुटाउनु हुन्न । आखिर सुशासन के हो त ? सबैले बुझ्ने भाषामा भन्नु पर्दा सुशासन भनेको निति, नियम र नैतिक मान्यतालाई अवलम्बन गरी सञ्चालन गर्ने असल शासन भनेर बुझिन्छ । सरकारी, गैरसरकारी, कर्पोरेट हाउस, पब्लिक र प्राइभेट सबै संस्थाहरूमा व्यवस्थापन र नेतृत्वको सबैभन्दा महत्वपूर्ण हिस्सा भनेकै सुशासन हो । सुशासनले देशको आर्थिक, सामाजिक, राजनितिक र कुटनितिक क्षेत्रमा सुधार गर्नुका साथै विभेदमुक्त सेवाको प्रवद्धन गर्छ । कुनै पनि संस्थामा सुशासन कायम भएमा उक्त संस्थाको उत्पादकत्व बढ्नुका साथै सेवाग्राहीहरूले छिटो छरितो र गुणस्तरीय सेवा प्राप्त गर्दछन् ।

नेपालको सन्दर्भमा हेर्ने हो भने सुशासन सबैभन्दा बढी बोलिने तर सबैभन्दा कम प्रयोगमा आउने शब्द हो । यो शब्दसुन्दा असाध्यै प्रिय लाग्छ । सायद त्यही भएर होला हरेक राजनीतिक दल, सरकारी र गैरसरकारी संघ/संस्थाहरूका साथै कर्पोरेट हाउसको सिद्धान्त र मूल्य मान्यताहरू लेख्दा यसलाई छुटाइँदैन । तर विडम्बना, कागजमा लेखेर मात्र परिर्वतन नआउने रहेछ । जबसम्म नेतृत्वदायी भूमिकामा बस्ने मानिसहरू अनुशासित, पारदर्शी र नैतिक भावले ओतप्रोत हुँदैनन्, तबसम्म सुशासन कायम गर्न कठिन हुन्छ । लोभी, भ्रष्टचारी, घुसखोर र दलाल मानसिकता भएका व्यक्तिहरूले कहिल्यै सुशानस कायम गर्न सक्दैनन् । हामी सबैले आफू काम गर्ने संस्थाको व्यवस्थापन र नेतृत्वलाई हेरौं । के उहाँहरू आफ्नो संस्थाको सुशासन कायम गर्न सफल हुनुहुन्छ त ? सरकारी संस्थाको त कुरै नगरौं प्राइभेट संस्थाहरूमा समेत पारदर्शिता र सुशासन कायम भएको पाइँदैन । आफूलाई उद्यमी भन्ने उर्जाशील युवाहरू, शिक्षा र स्वास्थ्य जस्तो संवेदशील क्षेत्रको नेतृत्व गर्ने नेतृत्वकर्ताहरू समेत सुशासनमा प्रतिबद्ध भएको नदेख्दा असाध्यै दुख लाग्छ । हरेक संस्थामा सुशासन कायम गर्ने जिम्मा उक्त संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी तथा हितधारकको हुन्छ । तर पनि यसमा प्रमुख भूमिका भने नेतृत्वदायी व्यक्तिकै हुन्छ । साना र तल्लो तहका कर्मचारीले त उनिहरूको आदेश पालना गर्ने मात्र हो । भागवत गीताको अध्याय ३ श्लोक २१ मा श्रीकृष्ण भन्नुहुन्छ, नेतृत्वदायी व्यक्तिहरूले जे जस्तो व्यवहार गर्दछन् । साधारण मानिसले त्यसैको अनुसरण गर्दछन् । त्यही भएर होला आशा लाग्दा व्यक्तिहरू समेत पदमा पुग्दा संस्थाको व्यवस्थापन शैलीमा परिवर्तन आउँदैन । सायद स्कुलिङ नै गलत भएर होला ।

चाणक्य आफ्नो नीतिशास्त्रको अध्याय २ मा लेख्नुहुन्छ- खराब आचरण भएको, खराब दृष्टि भएको, अरुलाई हानी पुऱ्याउने र दुष्ट व्यक्तिसँग मित्रता गर्ने मानिस कहिल्यै नेतृत्वमा बस्नु हुँदैन । त्यस्ता व्यक्तिले न त सुशासन कायम गर्न सक्छन् न त अरुको भलो हुने काम गर्न सक्छन् । नीतिशास्त्रको अध्याय ३ मा उहाँ भन्नुहुन्छ- एउटा असल नेतृत्वकर्ताले जति सुकै कठिन परिस्थितिमा पनि बिचलित हुनुहुँदैन र आफ्नो मूल्य, मान्यता र सुशासनलाई भंग हुन दिनुहुँदैन । निश्चय नै संस्थागत भ्रष्टाचारले जरा गाडेको हाम्रो देशको हरेक क्षेत्रमा दीर्घकालिन रूपमा सुशासन कायम गर्नु त्यति सजिलो कुरा होइन । अवस्था धेरै चुनौतिपूर्ण छ । तर पनि यदि नेतृत्वमा चाणक्यमा जस्तो सुशासन कायम गर्ने दृढ इच्छाशक्ति, नैतिक चरित्र, अनुशासन, सादगीपन र देशभक्तिको भावना भएमा यो असम्भव पनि छैन ।

चाणक्य आफ्नो नीतिशास्त्रको चौधौं अध्यायमा लेख्नुहुन्छ, हामीले जस्तो खाले बीऊ रोपेको हुन्छौं, फल पनि त्यसैअनुसार पाउने हो । हाम्रो लागि विकास र समृद्धि एउटा फल हो भने सुशासन एउटा बीऊ हो । जबसम्म सुशासनको बीऊ सवै क्षेत्रमा रोपिँदैन तबसम्म विकास र समृद्धि सम्भव नै छैन । अब प्रश्न आउँछ सुशासन कसरी कायम गर्ने त ? पहिलो कुरा त सुशासन कायम गर्नको लागि नेतृत्वतहका ब्यक्तिहरूमा चाणक्यमा जस्तो दूरदर्शिता, त्याग र दृढ संकल्प हुनु आवश्यक छ । त्यसपछि मात्र व्यवस्थापन, नियम कानून र प्रक्रियाको कुरा आउँछ । नीति, नियमकै कुरा गर्ने हो भने त हाम्रो देशमा भएका धेरै संस्थाले आफ्नो सिद्धान्त, मूल्य र मान्यतामा सुशासन शब्द लेखेकै हुन्छन् । त्यति मात्र होइन सरकारले नै २०६४ सालमा सुशासन ऐन र २०६५ सालमा सुशासन नियमावली ल्याएको थियो । त्यहाँ पनि धेरै राम्रा पक्षहरू समेटिएका छन् । जस्तै आर्थिक अनुशासन कायम गर्ने, श्रोत र साधनको अधिकतम उपयोग गर्ने, मानवअधिकार संरक्षण गर्ने, कमजोर र असहाय व्यक्तिहरूलाई विशेष सुविधा दिने, सबै सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधरणलाई उपलब्ध गराउने, कानुनको शासन, भष्टाचारमुक्त र चुस्त प्रशासन, अधिकारलाई विकेन्द्रिकरण र असल शासनको आधारभूत मान्यतालाई आत्मसात गर्ने । यसका साथै उक्त ऐनमा कार्यालय प्रमुख, विभागीय प्रमुख, सचिव र मन्त्रीहरूको जिम्मेवारी बाँडफाँड, निश्चित कार्यविधी अवलक्बन गर्ने, निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने, स्वार्थ बाझिएमा निर्णय गर्न नुहुने जस्ता अति नै सुन्दर कुराहरू पनि समेटिएको छ । तर यी नियम कानूनहरू सबै राजनैतिक दलका घोषणापत्र जस्तै भएका छन् । लेख्ने बेलामा खोजीखोजी राम्रा जति सबै कुराहरू लेख्ने र कायान्वयन गर्ने बेलामा भने आफैले लेखेका कुरा बिर्सने । नीति, नियम र कानूनहरू भनेको त जीवन्त हुनुपर्दछ । तर हाम्रो देशका धेरै जसो नीति, नियम

...बाँकी ७ पेजमा




## ओली...

भेटघाटमा अध्यक्ष गजुरेलले भने, 'ओली सरकार फासिवाद उन्मुख देखिन्छ, राष्ट्रियता कमजोर भएको छ, जनताका समस्या बढिरहेका छन् मुलुकमा ब्याथिति, भ्रष्टीकरण, दलालीकरण बढेको छ, अब त्यसको विकल्प खोज्नुपर्छ । त्यसका लागि अर्को चरणको जनआन्दोलनको तयारी गर्नु आवश्यक छ ।'

उनले आफुहरूले जनयुद्ध र जनआन्दोलन दलाल र पूँजीवादीहरूको पक्षमा काम गर्ने लोकतान्त्रिक गणतन्त्र नभै देश र जनताको पक्षमा काम गर्ने संघीय जनगणतन्त्रका लागि गरिएको चर्चा गर्दै अध्यक्ष गजुरेलले जनगणतन्त्रका लागि फेरि अर्को संघर्ष अनिवार्य बनेको छ । पत्रकारहरूसँगको भेटघाट कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेल, पोलिटव्यूरो सदस्य कृष्णदेवसिंह दनुवार, कमल चौधरी, केस विरेन्द्र यादव लगायतको उपस्थिति रहेको थियो ।

## ओली सरकारले...

परि थापाले वर्तमान ओली सरकाले भ्रष्टाचार र अपराधलाई संस्थागत गरेको आरोप लगाएका छन् । पार्टी सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा जारी मेची-महाकाली अभियानको क्रममा आज (शनिबार) रूपन्देहीको बुटवलमा आयोजना गरेको पत्रकार भेटघाटमा पत्रकारहरूले सोधेको प्रश्नको जवाफ दिँदै नेता थापाले सत्तारुढ नेकपा नक्कली कम्युनिष्ट भएको टिप्पणी गरे । पार्टी नक्कली कम्युनिष्ट भएजस्तै संविधानमा लेखिएको संघीयता र धर्मनिरपेक्षता समेत नक्कली रहेको बताए ।

त्यस्तै राष्ट्रपति र प्रधानमन्त्री ओलीले धर्मनिरपेक्षताको खिल्ली उडाउदै एकल धर्मको कार्यक्रममा मात्र सरिक हुनु त्यसैको परिणाम रहेको नेता थापाको भनाइ थियो । क्रान्तिकारी कम्युनिष्टहरूबीच एकता गर्नुपर्ने कुरामा ध्यान दिनुपर्ने बताउदै उनले भने, 'तर ओलीजी र प्रचण्डबीच भएको एकता जस्तो होइन ।' पत्रकार सम्मेलनको सञ्चालन हिरामणि दुःखीले गरेका थिए भने कार्यक्रममा क्रान्तिकारी माओवादीका पीबीएम प्रेम सुवेदी, के.स. पिताम्बर आचार्यलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## जनअपेक्षा...

क्रान्तिकारी माओवादी निकटको देशभक्तत जनगणतान्त्रिक मोर्चाको मेची-महाकाली अभियानको क्रममा शनिबार बाराको सिम्रौनगढमा आयोजित कोणसभालाई सम्बोधन गर्दै प्रवक्ता कँडेलले त्यस्तो बताएका हुन् ।

कँडेलले मुलुकको आमूल परिवर्तनका लागि थालिएको जनयुद्ध र त्यसपछि भएको जनआन्दोलनको मर्म विपरित सामन्तवादीहरूले घुमाउँरो तरिकाले लोकतान्त्रीक गणतन्त्र ल्याएको बताए । उनले आफुहरूले जनताको हक, अधिकार र आधाभुत आवश्यकताको परिपूर्तिको ग्यारेन्टी गर्ने जनगणतन्त्रको माग अघि सारेको र यहि माग सडकबाट जनताले समेत गरेको भएपनि झुक्याएर पुर्न दलाल, सामन्त र भ्रष्टहरूको व्यावस्था ल्याइएको बताए ।

नेता कँडेलले जनताको राज्यसत्ता नआएसम्म निरन्तर क्रान्तिको प्रकृया अघि बढ्ने र त्यो कसैले चाहेर वा नचाहेर रोक्न नसक्ने दावी गरे । उक्त कोणसभाको सञ्चालन युवा नेता रामनारायण सिंहले गरेका थिए । नेता कँडेलले त्यसपछि शनिबारै अर्को पिपलपातीको कोणसभालाई समेत सम्बोधन गरेका थिए ।

त्यसपछि बेनौलीको अर्को कोणसभालाई पार्टीका केन्द्रीय सदस्य तथा मधेशी मोर्चाका केन्द्रीय अध्यक्ष विरेन्द्र यादवले गरेका थिए । उक्त कोणसभामा पार्टीका पोलिटव्यूरो सदस्य कृष्णदेवको विशेष उपस्थिति रहेको थियो ।

# नेकपा सरकारलाई सडक आन्दोलनबाटै ठेगान लगाउँछौं-परियार

गोरखा । मेची-महाकाली अभियानमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश नं ४ ले गोरखाको गोरखाबजारमा जनसभा सम्पन्न गरेको छ । सो जनसभालाई संबोधन गर्दै मेची-महकाली अभियानका नेतृत्व एवं देजमो सचिवालय सदस्य तथा प्रदेश नं ४ का संयोजक केश वहादुर परियारले दलाल र भ्रष्टीकरण नेकपा नेतृत्वको सरकारलाई सडक आन्दोलनबाटै ठेगान लगाउने चेतावनी दिएका छन् ।

परियारले कम्युनिष्टका नाउँमा देशमा ब्रह्मलुट गर्ने नक्कली कम्युनिष्टहरूलाई नछाड्ने चेतावनी दिदैं भने जनताबाट जनमत लिने काम दलाल र लुटेराको गर्ने सरकारलाई जनताले ठेगान लगाउने दाबी गरेका हुन् । सोही कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रिय सदस्य एवं प्रभावशाली युवा नेता नारायण अधिकारी 'निश्च्छल'ले देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको अभियान बर्गिय आन्दोलनसँग जोडिएको अभियान रहेको बताए ।

युवा नेता अधिकारीले वर्तमान सरकार भ्रष्टहरूको सरकार भएको आरोप लगाउँदै वर्तमान व्यवस्थाको एउटै विकल्प जनवादी व्यवस्था रहेको उल्लेख गरे । नेता अधिकारीले भने 'अहिले बहुमतसँग त्रसिनुपर्दैन, तर, बर्तमान सरकारले गम्भिर आघात पुऱ्याएको जनताको जनजिविकाको सवाल, राष्ट्रियता र संस्थाग भ्रष्टाचारसँग त्रसिनुपर्दछ ।'

सोही कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रिय सदस्य एवं धौलागिरी ईन्चार्ज निल बहादुर पुनले नेकपा सरकारले जनताको हरेक सवालमा ढाड सेकेको उल्लेख गरे । उनले गुरुङ, मगर, जनजाती, आदिवासीहरूको थलो तमुवानको पहिचान मेटाउने नेकपाका नेता देव गुरुङ र गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङका विरुद्ध थलोवासीहरूलाई एक हुन आव्हान गरे ।

यस्तै तनहुँको आवुखैरेनीमा आज सम्पन्न जनसभालाई संबोधन गर्दै सो पार्टीका केन्द्रिय सदस्य अशोक लम्साल 'अनुकल' ले नक्कली कम्युनिष्टका विरुद्ध सडकमा आउन अपिल गरे । लम्सालले 'देशको शासन सत्ता नक्कली कम्युष्टिको हातमा रहेको तर अशान्ति, कर, हत्या, हिंसा, बलात्कार जस्ता घटनाको मारले जनतालाई सताएको बताए । गोरखामा भएको कार्यक्रमलाई देजमो प्रदेश सदस्य कृष्ण कट्टेल र आवुखैरेनीमा भएको कार्यक्रमको सञ्चालन देजमो केन्द्रिय सदस्य वावुराम सुवेदीले गरेका थिए ।

# बाराको इनरुवाका युवाहरू देजमोमा प्रवेश

बारा । बारा इनरुवाका युवाहरू नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालमा प्रवेश गरेका छन् । प्रवेश गर्ने युवाहरूलाई मोर्चाका केन्द्रीय अध्यक्ष सिपी गजुरेल, क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य हरिभक्त कँडेल, पार्टी पिविएम तथा २ नं. प्रदेश सचिव कृष्णदेव सिंह दनुवार, मोर्चाका सचिवालय सदस्य तथा २ नं. प्रदेशका संयोजक कमल चौधरी, मधेसी राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष महेश यादव लगायतका नेताहरूले प्रवेश गर्ने युवाहरूलाई अविर तथा खादा लगाएर भव्य स्वागत गरेका थिए ।

देजमोमा प्रवेश गर्ने युवाहरूमा संजय प्रसाद यादव, मिनादेवी ठाकुर, श्यामसुन्दर यादव, सिकेन्द्र पटेल, बैजनाथ यादव, दिपेन्द्र प्रसाद यादव, अनारवा देवी लगायतका युवा रहेका छन् । उनीहरू स्थानीय समाज उत्थान युवा क्लवमा आवद्ध रहेका थिए । यही क्लवका युवाहरूले मेची-महाकाली अभियान टोलीलाई बाराको इनरुवामा भव्य स्वागत समेत गरेको थियो ।

सहिद लखन गाउँपालिकाको

सार्वजनिक अपिल

- गाउँपालिकामा तिर्नुपर्ने सम्पूर्ण कर समयमै तिरेर सभ्य नागरिकको परिचय दिउँ ।
- गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँ बनाउन सबै एकसाथ जुटौं ।
- घरपरिवार, विद्यालय, समुदाय तथा सम्पूर्ण समाजमा बालमैत्री वातावरण निर्माण गरौं ।
- सहिद लखन गाउँपालिकालाई बालमैत्री गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।
- बालश्रम दण्डनीय छ । १४ वर्षभन्दा कम उमेरका बालबालिकाहरूलाई कुनै पनि शर्तमा काममा नलगाऔं ।
- ज्येष्ठ नागरिकहरूलाई माया, सहयोग र सम्मान गरौं । दया र सहानुभूति कहिल्यै व्यक्त नगरौं ।
- अपाङ्गमैत्री भौतिक तथा सामाजिक संरचना निर्माण गरौं ।
- सबै क्षेत्रको नेतृत्व तहमा अनिवार्य ५० प्रतिशत महिला सहभागिताको गाउँपालिकाको नीतिलाई सार्थकतामा बदलौं ।
- भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधि अपनाऔं ।
- समयमा नै व्यक्तिगत घटना (जन्म, विवाह, मृत्यु, बसाइसराइ, सम्बन्ध-बिच्छेद) दर्ता गर्ने बानी बसालौं ।
- गाउँपालिकालाई वातावरण मैत्री गाउँ बनाउन सबैले आ-आफ्नो स्थानबाट जुटौं ।



सहिद लखन गाउँपालिका, गोरखा




प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।